का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक ३०२
❐ ११ पुस २०७८, आइतबार
❐ 26 December 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।




## स्वार्थमा संसद् बन्धक

आफैंले दुईपटक भंग गरेको प्रतिनिधिसभा सर्वोच्च अदालतले पुनर्स्थापना गरेपनि आगामी चुनावसम्म चल्न नदिने एमालेको चाहना देखिन्छ । शनिबार अध्यक्ष केपी शर्मा ओलीले त्यसबारे प्रष्ट अभिव्यक्ति नै दिए ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ८ पुस ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संघीय संसद् अवरोध नहटाउने बताएका छन् । गएको भदौ २३ देखि लगातार संघीय संसद् अवरोध गरिरहेको एमालेका अध्यक्ष ओलीले संसद्को बाँकी अवधि चल्न नदिने बताएका छन् । विरानगर पुगेका ओलीले आउने चुनावपछि मात्रै संसद् चल्ने बताए ।

संसद् कहिलेबाट खुल्छ भन्ने प्रश्नमा ओलीले चुनावपछि खुल्ने बताएका थिए । आगामी चुनावबाट अर्को संसद् बनेपछि मात्रै संसद् बैठक बस्ने ओलीको भनाइ थियो । अवरोध कहिलेसम्म भन्ने प्रश्नमा ओलीको छोटो जवाफ थियो- चुनावसम्म । त्यसअघि संसद् नचल्ने ओलीले बताए ।

दलजफ्ती संसद् चलाइएको पनि ओलीको भनाइ थियो । "बलजफ्ती गर्ने बानी परेकाले बलजफ्ती गरिरहेका छन् नि । संसद् त चलिरहेको छ, हामीले विरोध गरिरहेका छौं", ओलीको भनाइ थियो । आगामी चुनाव एमाले जितेर आउने बताए । त्यसपछि अरुलाई एमालेले अरुलाई पाठ पढाउने बताए । सरकार ढालेर केही समय सूर्यमा ग्रहण लगाइए पनि धेरै समय यस्तो अवस्था नआउने ओलीको भनाइ थियो ।

ओलीको आशय संसद्को बाँकी अवधि काम गर्न नदिने थियो । एमालेले माधवकुमार नेपाल सहित १४ सांसदलाई पदमुक्त गरिनुपर्ने, नेकपा एकीकृत समाजवादीलाई दलको वैधानिकता दिन नहुने माग सहित संघीय संसद् अवरोध गरिरहेको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले ओलीलाई सम्वादका निम्ति आग्रह समेत गरिरहेका छन् । तर ओली भने संवादमा गएका छैनन् ।

शनिबार त ओलीले चुनावसम्म संसद् चल्न नदिने बताए । यसको अर्थ आफैले दुई पटक असंवैधानिक कदम चालेर भंग गरेको प्रतिनिधिसभालाई प्रभावकारी हुन नदिने ओलीको योजना देखिन्छ । ओलीले गएको वर्ष ५ पुस २०७७ मा पहिलोपटक प्रतिनिधिसभा विघटन गरेका थिए । तर सर्वोच्च अदालतले असंवैधानिक कदम भएको निष्कर्ष सहित प्रतिनिधिसभा पुनर्स्थापना गरिदियो ।

ओलीले प्रधानमन्त्रीको हैसियतमा फेरि प्रतिनिधिसभा विघटन गरे । गएको ७ जेठको मध्यरात ओलीले प्रतिनिधिसभा दोस्रो पटक भंग गरे । यसपटक पनि सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटनको निर्णय बदर भयो ।

सँगै, ओलीलाई पदमुक्त गर्दै देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने परमादेश दिएको थियो । पदमुक्त हुनुको आवेगमा ओलीले

– बाँकी पृष्ठ २ मा

# ९ वर्षपछि माओवादी महाधिवेशन

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले आजबाट शुरु हुने राष्ट्रिय सम्मेलनलाई महाधिवेशनमा परिणत गर्ने निर्णय गरेको छ । अर्थात् ९ वर्षपछि आजबाट माओवादी केन्द्रको आठौं राष्ट्रिय महाधिवेशन उद्घाटन हुनेछ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० पुस ।




नेकपा माओवादी केन्द्रले आजबाट शुरु हुने राष्ट्रिय सम्मेलनलाई महाधिवेशनमा परिणत गर्ने भएको छ । शनिबार साँझ सकिएको स्थायी कमिटी बैठकले महाधिवेशनमा परिणत गर्ने निर्णय गरेको प्रवक्ता कृष्णबहादुर महराले बताए । उनका अनुसार, स्थायी कमिटी बैठकको निर्णय आज बिहान बस्ने केन्द्रीय कमिटी बैठकले अनुमोदन गर्नेछ ।

राजधानी उपत्यकामा राष्ट्रिय सम्मेलन गरेर महाधिवेशन भने एक वर्षपछि गर्ने माओवादीको तयारी थियो । तर यही सम्मेलनलाई महाधिवेशनमा परिणत गर्ने भएको छ । माओवादी केन्द्रको निर्णयपछि आजबाट माओवादी केन्द्रको आठौं राष्ट्रिय महाधिवेशन हुनेछ । महाधिवेशनमा १,४८३ प्रतिनिधि चयन भएका छन् । बाँकी १० प्रतिशत मनोनीत गर्ने अधिकार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई दिइएको छ । शुक्रबारको स्थायी कमिटी बैठकले मनोनीत प्रतिनिधिको अधिकार प्रचण्डलाई दिएको हो ।

यो महाधिवेशनबाट १५ पदाधिरकारी सहित २९९ सदस्यीय केन्द्रीय कमिटी चयन गर्नेछ । पदाधिकारी संख्या बढाउने निर्णय पनि शुक्रबारको स्थायी कमिटी बैठकले गरेको थियो । यसअघि भने अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिव गरी ५ जना पदाधिकारी रहने अन्तरिम व्यवस्था थियो । तर पदाधिकारी संख्या बढाएर १५ सदस्यीय बनाउने निर्णय भएको छ ।

माओवादी केन्द्रको सातौं महाधिवेशन हेटौडामा भएको थियो । यो महाधिवेशनले जनवादी क्रान्ति सम्पन्न गर्दै राष्ट्रिय पूँजीको विकास गर्दै समाजवादसम्म पुग्ने राजनीतिक निर्णय गरेको थियो । तर त्यसपछि माओवादी केन्द्र लगातार टुटफुटबाट गुज्रियो । गएको वर्ष तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन पछि एमालेसँगको एकता प्रक्रिया भंग भएपछि माओवादी पुनर्स्थापित भएको थियो ।

छैटौं महाधिवेशन २०४८ मा भएको थियो । त्यो महाधिवेशनले दीर्घकालीन जनयुद्धको कार्यदिशा पारित गरेको थियो । नेकपा एकता केन्द्रका रुपमा छैटौं महाधिवेशन गरेपछि २०५१ मा नेकपा माओवादी गठन भएको थियो । माओवादीले एक वर्षपछि २०५२ फागुन १ गते जनयुद्धको घोषणा गरेको थियो ।

दश वर्ष जनयुद्ध पछि शान्ति सम्झौता गर्दै माओवादी शान्तिपूर्ण राजनीतिमा फर्किएको हो । शान्ति प्रक्रियामा फर्किएपछि २०६९ मा माओवादीबाट रामबहादुर थापा, सीपी गजुरेल, रामबहादुर थापा बादल, नेत्रविक्रम चन्द लगायत अलग भएका थिए । २०७२ मा बाबुराम भट्टराई पार्टीबाट अलग भए । फेरि ६ जेठ २०७३ मा दश टुक्रामा विभाजित माओवादी एकता हुँदै नेकपा एकता केन्द्र बनेको थियो । एक वर्षभित्रै एमालेसँग एकताबद्ध भयो ।

तीन वर्षसम्म एमालेसँगको एकता कायम रह्यो । त्यो एकता पनि नजोगिए पछि ९ वर्षपछि माओवादी केन्द्रले आठौं राष्ट्रिय महाधिवेशन गर्दैछ ।

## एमाले संसद् विघटन चाहन्छः प्रचण्ड

**काठमाडौं/मस–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेकपा एमाले फेरि पनि संसद् विघटनको चाहनामा रहेको बताएका छन् । शनिबार सम्पादकहरुसँग अन्तरक्रिया गर्दै प्रचण्डले एमाले र तिनका अध्यक्ष ओली तेस्रोपटक प्रतिनिधिसभा विघटनको चाहनामा रहेको बताएका हुन् ।

एमालेसँग छलफल गर्न चाहेपनि ओली त्यसबाट भाग्न खोजेको प्रचण्डको भनाइ थियो । प्रचण्डले ओली निवास बालकोट पुगेरै संवाद गर्ने प्रस्ताव प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष राखेको उनले बताए । एमाले अध्यक्ष ओलीले प्रधानमन्त्रीको हैसियतमा दुई पटक (५ पुस ०७७ र ७ जेठ २०७८) मा प्रतिनिधिसभा विघटनको निर्णय गरेका थिए । तर दुवैपटक प्रतिनिधिसभा पुनर्स्थापना गर्दै सर्वोच्च अदालतले नेपाली काँग्रेसका सभापति देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो ।

ओली प्रधानमन्त्रीबाट पदमुक्त भएपछि भने एमालेले प्रतिनिधिसभा चल्न दिएको छैन । प्रचण्डले संसद् अवरोध गर्ने कार्यलाई प्रतिनिधिसभा विघटनको चाहनाका रुपमा उल्लेख गरे । पुनर्स्थापित प्रतिनिधिसभाको नवौं र दसौं अधिवेशन एमालेले चल्न दिएको छैन ।

# इजरायल उडानमा अझै ढिलाइ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० पुस

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा जाने नेपाली कामदार उड्न अझै एक महिनाभन्दा बढी समय लाग्ने भएको छ । वैदेशिक रोजगार विभागले छनोट भएका व्यक्तिको स्वास्थ्य परीक्षण लगायतका काम सकेपनि उडानको मिति एकिन हुन सकेको छैन ।

विभागले गत साउन १२ गते सूचना प्रकाशित गरी विभागमार्फत भर्ना प्रक्रिया शुरू गरेको हो । छनोट भएका कामदार उडाउने फ्लाइट एकिन नहुँदा उडानको मिति एकिन हुन ढिलाइ भएको हो । विभागले आागामी पुस १५ गतेसम्मको समय दिएर हवाई सेवा प्रदायक संस्थाहरुलाई काठमाडौंबाट इजरायलसम्मको हवाई भाडा दर प्रस्ताव पेश गर्न भनेको छ । पुस १५ गतेसम्म परेका बोलपत्र पुस १६ गते खोलिने छ । त्यसपछि मात्र उडान एकिन हुने विभागका महानिर्देशक दीपक काफ्लेले बताए ।

नेपाल एयरलाइन्सले इजरायल उडान भर्ने गरेको छैन । नेपाली ध्वजाबाहक उडान नहुँदा विभागलाई विदेशी एयरलाइन्सको प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ । विभागले इजरायलका लागि १ लाख ४० हजार भाडा लाग्ने बताएको छ । तर वैदेशिक रोजगारीमा जाने कामदारलाई छुटको घोषणा गरेको नेपाल एयरलाइन्सले उक्त भाडामा उडान भर्दा घाटा हुने भन्दै नेपाली कामदार इजरायल लैजान अनिच्छा देखाएको बताइएको छ ।

विभागले पहिलो चरणमा १ हजार १ सय ७५ जना छनोट भएकाहरूलाई आगामी फेब्रुअरी महिनाभित्र इजरायल लैजाने बताएको छ । छनोट भएका परिक्षार्थीले इजरायलमा ५ वर्ष काम गर्न पाउनेछन् ।

वैदेशिक रोजगारका लागि आकर्षक गन्तव्य मानिएको इजरायलमा कामदारको मासिक तलव १ लाख ९० हजारसम्म रहेको जनाइएको छ ।



**वैदेशिक रोजगार विशेष**

## कोरियामा एक कामदारलाई ओमिक्रोन

काठमाडौं/मस- हालै रोजगारीका लागि दक्षिण कोरिया गएका नेपाली कामदारमध्ये एक जनामा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन संक्रमण फेला परेको छ ।

गतहप्ता नेपालबाट ८९ जना नियमित र ४९ जना कमिटेड गरी १ सय ३८ जना इपिएस कामदार उडेका थिए । कोरोना संक्रमणको जोखिम भएका कारण कामदार उच्चस्तरीय स्वास्थ्य सतर्कता अपनाउँदै कोरिया प्रस्थान गरेका थिए ।

अर्को उडान आगामी जनवरी ३ तारिखमा हुनेछ । उक्त उडानमा भने यथावत् रहेको बताइएको छ । नेपालले आगामी जनवरी महिननमा कोरियन एयरलाइन्सको ४ वटा उडान गराएर भएपनि नेपाली कामदार लैजान आग्रह गरेको छ ।

## राष्ट्रियसभा चुनावमा १२ दल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० पुस ।

आगामी १२ माघदेखि हुने राष्ट्रियसभा सदस्यको निर्वाचनमा१२ राजनीतिक दलले भाग लिने भएका छन् । राष्ट्रियसभा सदस्य निर्वाचनको प्रयोजनका लागि १२ दल दर्ता भएको प्रवक्ता प्रवक्ता शालीग्राम शर्माले बताए ।

निर्वाचनमा ९ राजनीतिक दलले सबै प्रदेशमा र ३ राजनीतिक दलले कुनै प्रदेश विशेषमा मात्र भाग लिने गरी दल दर्ता गराएका हुन् । आयोगमा नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा, नेपाल लोकतान्त्रिक पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल

– बाँकी पृष्ठ २ मा

**आवश्यकता**

चालू अवस्थामा रहेको ओम ब्रदर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मार्केटिङ तथा टिकेटिङका लागि अनलाइनबाट हुने मार्केटिङ सम्बन्धि सम्पूर्ण काम जानेको अनुभवी कर्मचारीको आवश्यकता रहेकोले आफ्नो अनुभवको विवरण (Biodata) सहित सूचना प्रकाशन भएको ७ दिनभित्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**पद : मार्केटिङ अफिसर**

**योग्यता** : सम्वन्धित विषयमा स्नातक
अंग्रेजी भाषामा पत्राचार तथा नेपाली/अंग्रेजी टाईप Word, Excel जानेको ।
**संख्या** : पुरुष-१, महिला -१
**सम्पर्क** : 9827521159, 9849430359, 9851113282
Email: info@ombrotherstravelsandtours.com.np

**ओम ब्रदर्स ट्राभल्स एण्ड टुर्स प्रा.लि.**
गौशाला, काठमाडौं, नेपाल । फोन नं: ०१-४४९८०७७

# कालिकोटमा प्रभावकारी बन्दै शुलभ परियोजना

खडानन्द अधिकारी/मध्यान्ह
कालिकोट, १० पुस

कालिकोटमा शुलभ परियोजना प्रभावकारी बन्दै गएको पाइएको छ। टिडिएच बिएम जेड जर्मनको आर्थिक सहयोग, मानवअधिकार तथा वातावरण विकास केन्द्र हुरेन्डेक नेपाल कालिकोटको सहजिकरणमा संचालित परियोजना अन्तर्गत शुभकालिका गाउँपालिका वडा नं ३, ५ र ६ नं वडाका विभिन्न योजना तथा गठित कृषि समुह, सहकारीहरुको उदाहरणीय कामले जनताको मन जित्न सफल हुनुका साथै जिविकोपार्जनमा समेत सुधार हुन थालेको छ।

शुभकालिका गाउँपालिकाका उपाध्यक्ष एवं गाउँपालिका अनुगमन समितिका प्रमुख पम्फा कुमारी शाहीको नेतृत्वमा गएको अनुगमन समितिले परियोजनाले गरेका क्रियाकलाप तथा योजनाहरु दिगो टिकाउ र पारदर्शी भएको निष्कर्ष समेत निकालेको छ।



परियोजनाले आफ्नो वडामा कृषि सहकारीमार्फत वडा नं ५ को घुमथलामा सामुहिक ओखर खेती गरेको खापरदेव कृषि सहकारी संस्थाका सदस्य तथा ओखर खेतीका चौकिदार समेत रहेका बिर्ख बहादुर शाहीले बताए। उनका अनुसार ६ सय ६८ वटा ओखरका बिरुवा लगाइएकोमा अब १७ बिरुवा मात्र हुर्कन बाँकी रहेको छ। कुल १ लाख ७९ हजार २ सय ६६ रुपैयाँमध्ये सहकारीको १४ हजार ७ सय ८४ रुपैयाँ रहेको र अन्य बाँकि १ लाख ६४ हजार ४ सय ८२ रुपैयाँ शुलभ परियोजनाले लगानी गरेको छ।

चौकिदार शाहीले सामुहिक ओखर खेतीले जिविकोपार्जन, जलवायु परिर्वतन न्युनिकरण हुनुका साथै सहकारीको आर्थिक वृद्धिको लागि पनि महत्वपूर्ण योगदान पुऱ्याउने बताए।

परियोजनाले ओखर खेती मात्र नभइ अरु क्षेत्रमा पनि काम गरेको शुलभ परियोजनाका संयोजक राजेश गौतमको भनाइ छ। शुभकालिका ६ मा ओखर खेती, तरकारी खेती, कागती खेती, बहुउपयोगि सतुवा खेती गर्नुका साथै नर्सरी स्थापना, बाल क्लव, युवा क्लव समुह, सहकारीमार्फत जिविकोपार्जन तथा वातावरण संरक्षणको क्षेत्रमा पनि काम गरेको उनले बताए। गौतमले परियोजना संचालनको लागि स्थानीय सरकारको सकारात्मक साथ रहेको बताउँदै २०२२ को लागि पनि स्थानीयबाट सकारात्मक सुझावको अपेक्षा गरेको बताए।

अनुगमन समितिका प्रमुख तथा शुभकालिका गाउँपालिका उपाध्यक्ष पम्फा कुमारी शाहीले कृषि तथा आयआर्जनको क्षेत्रमा परियोजनाले आफ्नो गाउँपालिकामा एउटा इँट्टा थपेको बताउँदै सहयोगि निकाए टिडि.एच.बिएम.जेट जर्मनलाई धन्यवाद दिइन्। उनले परियोजना ३ वटा वडामा मात्र संचालन गर्नु भन्दा पनि पालिकाका १ देखि ८ वटै वडाहरुमा संचालन गर्ने अनुरोध समेत गरिन्।

आफ्नो गाउँपालिकामा शुलभ परियोजनाले जनताको जीवनस्तरमा सुधार ल्याउनुका साथै जिविको पार्जनमा महत्वपूर्ण भुमिका खेलेको बताउँदै उनले जलवायु न्युनिकरण, वातावरण संरक्षण, जैविक विविधता संरक्षणमा पनि शुभल परियोजनाले विशेष योगदान पुऱ्याएको बताइन्। उनले यो परियोजना संचालनका लागि आफ्नो गाउँपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जनाइन्। अनुगनमका क्रममा जैविक विविधता र वातारण संरक्षणका लागि बृहत सामुहिक अभियान अन्तर्गत वातावरण संरक्षण तथा जैविक विविधता संरक्षणका लागि गाउँपालिकाका ३ वटै वडाहरुमा सडक नाटक, एकल गायन, देउडा, वक्तृत्व कला लगायतको माध्यमबाट जनचेतना फैलाइएको शुलभ परियोजनाका कार्यक्रम संयोजक गोपाल सिंह कार्कीले बताए।

शुभकालिका गाउँपालिका ३ मा लेकवेशी कृषि सहकारी संस्था, वडा नं. ५ मा खापरदेव कृषि सहकारी संस्था र वडा नं. ६ को हाउडीमा खोदाईदेव कृषि सहकारी संस्था गठन गर्नुका साथै कृषि सम्बन्धि विभिन्न उत्पादन मुलक कार्यक्रम संचालन गरेको उनको भनाई छ।

पुस ६ गतेबाट १० गतेसम्म संचालन गरिएको अनुगमनमा शुभकालिका गाउँपालिका वडा नं. ५ का अध्यक्ष केशन बहादुर शाही, कार्यापालिका सदस्य मनशोभा शाही, भिमकौरा शाही, शिक्षा शाखा प्रमुख नमराज आचार्य, हुरेन्डेकका सदस्य खडानन्द अधिकारी, शुभकालिका गाउँपालिका वडा नं. ३ का वडा सदस्य टिकाराम धिताल, गाउँपालिका कृषि शाखा प्रतिनिधि चन्द्र प्रसाद अधिकारी, महिला शाखा प्रमुख अमृता अधिकारी, शुभल परियोजनाका अनुगमन तथा मुल्यांकन अधिकृत सरोज पन्थी, लेखा अधिकृत लक्ष्मी प्रसाद देवकोटा लगायत पत्रकार, अन्य सरोकारवालाहरुको उपस्थित रहेको थियो।

# नवलपरासी सेवा समाज कतारको अध्यक्षमा पन्थी

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १० पुस



'आपसी सहयोग, सद्भाव र एकता, सामाजिक सेवामा हाम्रो प्रतिबद्धता' भन्ने मूल नारा लिएर गठन भएको नवलपरासी सेवा समाज, कतारको दोस्रो साधारण सभा तथा अधिवेशन सम्पन्न भएको छ।

अधिवेशनबाट कृष्ण पन्थीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन भएको छ। समाजका अध्यक्ष सजन लौडारीको सभापतित्व तथा गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् मध्यपूर्वका युवा संयोजक राज रेग्मीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको अघिबेशनमा कतारमा स्थापित एनआरएनए, प्रदेश सस्थाहरु, वैचारिक सस्थाहरु, जिल्ला सस्थाहरु, विभिन्न जातीय सस्थाहरु, पत्रकार, बुद्धिजीविलगायत नवलपरासीबासीहरूको बाक्लो उपस्थिति रहेको थियो।

स्वागत नृत्यबाट सुरुवात भएको अधिवेशनमा सन्ध्या अर्याल, जिया हमाल र क्रिजल पन्थीले 'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे' भन्ने देशभक्ति गीतमा नृत्य प्रस्तुत गरेका थिए। साथै सानी बालिका सुभा सिं कुँवरलेसमेत आकर्षक नृत्य प्रस्तुत गरेकी थिइन्। संस्थाका गतिविधिका बारेमा द्वितीय उपाध्यक्ष कृष्ण पन्थीले जानकारी गराएका थिए।

पन्थीले समाजले "नवलपरासी सेवा समाज बचत कोष"को गठन गरी करिब १ लाख ८० हजार रियाल बचत गरी सकेको जानकारी दिए। उनले कतारमा रहेका नवलपरासीबासीलाई आवश्यक परेमा ब्याजमा रकम उपलब्ध गराई रहेको र कोरोना महामारीका समयमा २ वटा अक्सिजन सिलिन्डर नेपालमा सहयोग गरिएको बताए। कार्यक्रममा विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए।

आफ्नो मन्तव्यकै क्रममा प्रमुख अतिथि रेग्मीले समाजले जिल्लामा तथा कतारमा गरेका कार्यहरुको मुक्त कण्ठले प्रशंसा गर्दै समाजले गरेका कार्य अनुकरणीय रहेको बताए।

समाजका प्रथम उपाध्यक्ष अमित बरालले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई समाजका महासचिव दुर्गा हमालले सहजीकरण गरेका थिए। कार्यक्रममा विभिन्न सहयोगीहरू तथा संस्थाहरूलाई सम्मान समेत गरिएको थियो।

अधिवेशनमा जिल्लाका तीन विद्यालय र एउटा सामुदायिक अस्पताल छनौट गरी प्रत्येकमा एक लाख रुपैयाँ बराबरको अक्षयकोष स्थापना गरिएको जानकारी गराइएको थियो। जस्मा सुनवल नगरपालिका ५, बनकट्टीमा रहेको भगवती मावि, सुस्ता गाउँपालिका ५, पक्लिहवामा रहेको दीपक मावि, बर्दघाट नगरपालिका ६, बेतहानीमा रहेको राष्ट्रिय मावि र बर्दघाट नगरपालिका १४, चौपत्तामा रहेको जिल्लाकै एक मात्र सामुदायिक अस्पताल सहिद स्मृति सामुदायिक अस्पतालमा अति गरिब तथा विपन्न परिवारका सदस्यहरूले लाभ लिने गरी अक्षयकोष स्थापना गरिएको सभापति लौडारीले बताए।

उनले समाजले शिक्षा र स्वास्थ्यका क्षेत्रमा फोकस गरेर सहयोगका हात बढाएको बताउँदै खुल्ला सत्रको समापन गरेका थिए। बन्द सत्रले कार्यसमितिका पदाधिकारीहरू मध्ये प्रथम उपाध्यक्ष अमित बराली, द्वितीय उपाध्यक्ष सुरज कुँवर, महिला उपाध्यक्ष सन्ध्या अर्याल, महासचिव दुर्गा हमाल, सचिव वासुदेव पाण्डे, कोषाध्यक्ष नरबहादुर थापा र सह-कोषाध्यक्षमा रामजी सुबेदीलाई चयन गरेको छ। त्यस्तै कार्यसमिति सदस्यहरूमा सद्दाम हुसेन, रमेश चापागाईं, बिष्णुबहादुर शाही, रमेश पुरी र पुष्पा ज्ञवाली हमाल रहेका छन्।

नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरूलाई निर्वाचन समितिका संयोजक केबी हमालले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। समाज १९ असोज २०७५ मा सजन लौडारीको अध्यक्षतामा स्थापना भएको थियो।


## राष्ट्रिय खाद्य बैंक लिमिटेडको प्रथम बार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०९/१२**

**सम्पुर्ण शेयरधनी महानुभाव ज्यूहरु,**
यस कम्पनीको मिति २०७८/०९/०९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यसय कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

मिति : **२०७८/१०/०५ गते बुधबार**
समय : **दिउँसो १:०० बजे**
स्थान : **अर्पन ब्याङ्केट, नयाँ बानेश्वर थापागाउँ**

**साधारण सभामा छलफलका विषयहरु**
१) सन्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
२) आ.ब. २०७७/०७८ सालको वासलात, नाफा, नोक्सान सहितको लेखापरिक्षण प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
३) आ.ब. २०७८/०७९ को हरहिसाब, लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४) सन्चालक समिति गठन सम्बन्धमा।
५) सन्चालक समितिको बैठक भत्ता र अन्य सुविधाहरु तोक्ने सम्बन्धमा।
६) विविध।

**आज्ञाले**
**शंकरनाथ उप्रेती**
**(कार्यकारी अध्यक्ष)**


# तीस सम्पदाको पुन:निर्माण सकियो

**काठमाडौं/मस**-हनुमानढोका क्षेत्रका ऐतिहासिक सम्पदा एकपछि अर्को ठडिन थालेका छन्। क्षति भएकामध्ये हालसम्म ३० सम्पदाको पुन:निर्माण कार्य सम्पन्न भएको छ।

केही कोरोनाका भाइरसका कारण रोक्नुपरेको सम्पदा पुन:निर्माणको कामले अहिले तीव्रता पाएको छ। गोर्खा भूकम्पले पूर्णरुपमा भत्किएको सम्पदा अहिले तीव्ररुपमा पुन:निर्माणका क्रममा छन्। केहीको अझै काम सुरु गरिएको छैन। यस क्षेत्रका ३० सम्पदा पुनर्निर्माण सम्पन्न भइसकेका छन्। यहाँ रहेका ७० सम्पदामध्ये १२ मा भूकम्पले क्षति गरेको थिएन। भूकम्पले क्षतिग्रस्त ५८ सम्पदामध्ये २५ को पुनर्निर्माण भइरहेको हनुमानढोका दरबार हेरचाह अड्डाले जनाएको छ। यस क्षेत्रका सम्पदामध्ये नासल चोक, राणाकालीन सेतो भवन, फरास खाना, पृथ्वीनारायण शाहको शैनकक्ष, त्रिभूवन स्मृति भवन, देगु तलेजु मन्दिरको आगामी दुई वर्षमा सक्नेगरी काम शुरु गरिएको छ। त्यसैगरी दश अवतार र काष्ठमण्डपको पुन:निर्माण काम अन्तिम चरणमा पुगेको छ। अड्डाका कार्यालय प्रमुख सन्दीप खनालका अनुसार अहिले बनिरहेका सम्पदाको काम पूरा नगरी अन्य नयाँ काम शुरु गर्न नसकिने भएकाले अझै क्षतिग्रस्तमध्ये १७ सम्पदाको पुन:निर्माणको काम हुन नसकेको हो।

## स्वार्थमा...

दिएको अभिव्यक्तिबाट चिढिएका माधवकुमार नेपालले गएको २ भदौमा अर्को दल गठन गरे। जुन राजनीतिक घटनाक्रमसँग जोडिएका र जेलिएका विषय हुन्। तर एमाले भने सभामुखकै राजीनामा समेत मागिरहेका छन्। आफ्नो कदम सिद्ध गर्ने ओलीले संसद्लाई चल्न नदिने एकसूत्रीय एजेण्डामा अडिग देखिन्छन्।

## राष्ट्रियसभ..

परिवार दलले सबै प्रदेशमा भाग लिनेछन्। लोकतान्त्रिक समाजवादी पार्टी प्रदेश दुई र सुदूरपश्चिम प्रदेश, नेपाल मजदुर किसान पार्टीले बागमती र ऐतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपालले प्रदेश २ मा मात्र भाग लिनेछन्।

आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि राजनीतिक दललाई १ देखि १० गते पुससम्म दल दर्ताका लागि समय दिएको थियो। प्रत्येक निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्नपर्ने संवैधानिक व्यवस्था छ। उक्त निर्वाचनका लागि यसअघि नै निर्वाचन अधिकृतको नियुक्ति तथा मतदानस्थल र मतदान केन्द्र तोकिसकिएको छ। निर्वाचनका लागि प्रदेशसभा सदस्य तथा पालिका प्रमुख र उपप्रमुख गरी दुई हजार २५ मतदाता कायम छन्। निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ र पालिका प्रमुख र उपप्रमुखको मतभार १८ हुनेछ।

उन्नाइस पदका लागि हुने उक्त निर्वाचनमा स्थानीय तहका एक हजार ४९३ र प्रदेशसभाका ५३२ मतदाता रहने छन्। आगामी यस निर्वाचनबाट सात महिला, तीन दलित, दुई अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक र सात अन्य समूहका उम्मेदवार निर्वाचित हुनेछन्। आगामी फागुन २० गते एमालेका आठ, एकीकृत समाजवादीका चार, माओवादी केन्द्रका चार र कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि सकिँदैछ। विज्ञका रूपमा मनोनीत रामनारायण बिडारीको कार्यकाल पनि सकिदैछ।

प्रबुद्ध वर्गको प्रतिनिधित्व रहने ५९ सदस्यीय राष्ट्रियसभाका एक तिहाइ सदस्य प्रत्येक दुई वर्षमा पदावधि समाप्त हुने संवैधानिक व्यवस्था छ। राष्ट्रियसभा सदस्यको पदावधि ६ वर्ष भएपनि पहिलोपटक गोलाप्रथाद्वारा कार्यकाल निर्धारण गरिएको थियो। राष्ट्रियसभाका एक तिहाइ सदस्यको पदावधि समाप्त हुन ३५ दिनअघि नै निर्वाचन गर्नपर्ने प्रावधान छ। उक्त निर्वाचनका लागि पुस २० गते उम्मेदवारको मनोनयन दर्ता हुनेछ भने पुस २५ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ। सोही दिनदेखि निर्वाचन आचारसंहित सबैका लागि लागू गराउने आयोगले सोच बनाएको छ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०९/११

यस कम्पनीको मिति २०७८/०६/०७ मा सम्पन्न वार्षिक/विशेष साभारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एन.टि.सि.जि. ट्रेडिङ्ग हाउस प्रा.लि. (प्रा.लि. नं. ८३७७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०८/२९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ए.एम. इन्टरकन्टिनेन्टल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०५/०४ मा दर्ता भएको **प्रा.लि. नं. ११५३८७** को **नगरकोट ड्रिम ल्याण्ड रिसोर्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०८/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## Shree Janata Secondary School

**Bindebasini, Achham**

### Invitation for Sealed Bids

**Date of publication: 2078/09/11 (26,DEC 2021)**

**Method of Procurement: NCB, Eligibility Procedure**

1. Shree Janata Higher Secomdary School Bindebasini Achham invites sealed Electronic Bids from all eligible Nepalese Bidders for ***Construction of The educational and physical Infrastructure of the proposed Model School Building*** with construction detail as follows.
***(Name and Identification no of Contract are as follows.)***

| SN | Contract Identification No: | Description Of Works | Estimated Amount Without VAT(Nrs.) | Bid Security Amount | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JSS/ACHHAM/NCB/W/B/01/2078-079 | *Construction of The educational and physical Infrastructure of the proposed Model School Building* | 12288923.21 | 360000.00 | *Up to 120 days From Last date of Submission* | 3000 |

2. May obtain further information and inspect the Bidding Documents at Shree Janata Secondary School Bindebasini ***Achham.***
***Email Address: janatasec2010@gmail.com, mellekhmun@gmail.com***
Name of the Bank : Century commercial Bank,Mellekh Branch, Achham
Name of Office : Mellekh Rural Municipality, Achham
contact no : 9848628020/9849584168
Office Account no. : 1230000047 CA (Bid Document Purchase Account)
3. The Bidders shall have options to submitting bid electronically only submission of hard copy bids shall not be entertained and electronic bid must be submitted through PPMos E-GP System www.bolpatra.gov.np on or before ***12:00 hours*** on ***2078/10/11 (25,JAN 2022).*** Bids received after this deadline will be rejected. The pre-bid Meeting will be held on 2078/10/02 ( 16,JAN 2022 )at Office of Janata secondary school.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend ***at 12:00 hour*** on ***2078/10/11 (25, JAN 2022)*** at the ***Shree Janata Secondary School Bindebasini, Achham***.
5. If Bidder wish to Submit the bid security in the form of cash bidder has to deposit cash in Dharauti Account no. 1230000047CA of Shree Janata Secondary school Bindebasini Achham at Century Bank,Mellekh Branch,Achham and Submit Bank Deposit Voucher along with a Bid.
6. Bidders are required to specify the total price of the Bid in the Letter of Bid or the Bid Price in the Bill of Quantities. Failure to specify the total price of the Bid in the Letter of Bid or the Bill of Quantities shall be ground for declaring the bid non-responsive.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Mellekh Rural MunicipalityAchham Reserves Right to accept or Reject any or all bids, The bidding process and reject all Bids without Assigning any Reason or whatsoever.
9 Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

**Chief Administrative Teacher**



## शिवपुरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### शेराबगर, नुवाकोट, बागमती प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !

**प्रथम पटक प्रकाशित मिति: २०७८/०९/११**

यस शिवपुरी गाउँकार्यपालिकाको कार्यालय, शेराबगर, नुवाकोटबाट मिति २०७८/०७/१२ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिकमा तपसिल बमोजिको निर्माण कार्य सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | कामको विवरण | ठेक्का नं. | न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको बोलपत्रदाता | कबोल अङ्क (मु.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| १. | Upgrading work of Anghe Gahiro–Janaki Ma.Bi.–Todke Bhanjyang Rural Road (Ch2+600 to Ch 4+300) | SRM/NCB/WORKS/2078–79/06 | Kalika/Bikesh And Aayush JV, Dupcheshwor–07, Nuwakot | ७२,५८,६६६।७५/- |

# टेलिकमले टावरहरुमा विद्युत नजोड्दा सेवाग्राही मर्कामा

दार्चुला डायरी
गणेश सिंह धामी/मध्यान्ह

दार्चुलामा टेलिकमले टावरहरुमा विद्युत नजोड्दा सेवाग्राही मर्कामा परेका छन् । दार्चुलाको शैल्यशिखर-५ बगौरा र मालिकार्जुन गाउँपालिका-७ ऐरीछानालगायत मालिकार्जुन गाउँपालिकाको वडा न २ मा रहेको बालशिखर रिपिटर टावरमा विद्युत जडान नहुँदा सेवाग्राही मार्कामा परेका हुन् । टेलिकमको टावर नजिकै बगौरा बस्तीमा बिधुतीकपण भएको करीब ३ महिना बिति सक्दा पनि नेपाल टेलीकमले टावरमा विद्युत जडानमा चरम लापरबाही गरेको छ।

मालिकार्जुनको वडा नम्बर ७ ऐरीछानाको बस्तीमा पनि तीन दिन अगाडि विद्युतीकरण भइसकेको छ। बगौरा र ऐरीछानामा टावर सोलारको भरमा चलेका भएर घाम पर्दा नेटवर्क आउने र घाम जा'दा नेटवर्क जाने गरेको छ । उक्त टावरहरुमा ब्याट्री पुराना भएका कारण घाम लाग्दा मात्र नेटवर्क आउने गर्दछ । यो विषयमा स्थानीय सरकारले पनि कुनै चासो देखाएको छैन।

पटक पटक आफूहरुले टेलिकम र स्थानीय सरकारलाई विद्युत जडानको लागि माग गरे पनि कसैले पनि वास्ता नै नगरी ढिलासुस्ती गरेको शैल्यशिखर नगरपालिका ६ का स्थानीय दिपक धामीले मध्यान्हलाई बताए।



आजभन्दा करीब ७ बर्ष पहिले नै नेपाल टेलिकमले ती ठाउँहरुमा टावर निर्माण सम्पन्न गरेको थियो।

त्यस्तै विद्युत नहुँदासम्म ऐरीछानाको टावरमा ब्याट्री फेर्न पटक पटक निवेदन गर्दा पनि न टेलिकमले वास्ता गऱ्यो न त स्थानीय सरकारले नै ऐरीछानाका अर्का स्थानीय कल्यान सिंह धामीले गुनासो गरे । उनले भने, 'घाम अस्ताए पछि र मौसम खराब भएपछि नेटवर्क नभएर सम्पर्क बिहिन नै हुनु पर्ने बाध्याता छ।'

नेपाल टेलिकमका टावर नजिक रहेका स्थानीय सेवाग्राहीसंगै सामुदायिक रेडियोका लागि आवश्कता पर्ने संचारमा समेत बाधा पुगेको सामुदायीक रेडीयो लिपुलेकका समाचार प्रमुख वसन्त कुमार जोशीले बताए। सन्चार जगतमा विश्वले फड्को मारिरहेको बेला नेपाल टेलिकमले चरम लापरबाही गरेर सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा दिन सकिरहेको छैन।

फोर जीको त कुरै छोडौं फोन गर्न समेत घाम कति वेला आउला र फोन गरौला भनि कुर्नु पर्ने बाध्यता रहेको स्थानीयहरुले गुनासो गरेका छन् ।

नेपाल टेलीकमले भने यो बिषयमा कुराकानी भइरहेको र नेपाल विद्युत प्राधिकरण लाई परिपत्र गरि चा'डै दुबै टावरहरुमा विद्युत जडान गरि सेवाग्राहीहरुलाई गुणस्तरीय सेवा दिने नेपाल टेलीकम दार्चुलाका प्रमुख के बि गुरुङले बताए ।

## एक महिला झुन्डिएको अवस्थामा मृत फेला

दार्चुलामा एक महिलाले झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ । शनिवार दिउँसो २ बजेतिर महाकाली नगरपालिका वडा नम्बर ४ बंगाबगर बस्ने २३ वर्षीया पुजा महरले आफ्नै घरको कोठामा झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक पुष्कर सिंह ऐरीले मध्यान्ह चलाई जानकारी दिए ।

घट्नाबारे प्रहरीमा जानकारी पाउने वित्तिकै जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट प्रहरी निरीक्षक ऐरीको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो । माइती पक्ष घटनास्थलमा नपुगेकाले प्रहरीले महराको मुचुल्का उठाएको छैन।माइती पक्ष घटनास्थल पुग्ने वित्तिकै घट्नाको परिवेश हेरेर मुचुल्का तयार पारी शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल ल्याइने प्रहरी निरीक्षक ऐरीले बताए ।

## धारिलो हतियार प्रहार गर्ने पक्राउ



काठमाडौं/मस-प्रहरी र अर्को एक सर्वसाधारणलाई धारिलो हतियार प्रहार गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा रामेछापको मन्थली लिखु घर भई हाल जरङ्खु बस्ने वर्ष २९ को शनि तामाङ रहेका छन् ।

काठमाडौं तार्केश्वर नगरपालिका-८ शेषमतीस्थित लामवजार नजिक सामान्य विषयमा विवाद हुँदा उनले सोही ठाउँका २९ वर्षीय सुवास तामाङलाई घारिलो हतियार खुकुरीले टाउको र घाँटीको पछाडिबाट हिर्काइ घाइते बनाएका थिए । त्यसपछि सूचना प्राप्त हुनासाथ प्रहरी वृत्त बालाजु मातहत प्रभाग धर्मस्थलीमा खटिएको प्रहरीले उनलाई पक्राउ गरेको थियो ।

सोही क्रममा उनले प्रहरी माथि नै आक्रमण गरेका महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ । दुवै घाइतेको ट्रमा सेन्टरमा उपचार गरिएको छ ।

# शान्ति समाज बाँकेको वार्षिक साधारणसभा सम्पन्न



पवन जायसवाल/मध्यान्ह
बाँके, १० पुस

नेपाल मानव अधिकार तथा शान्ति समाज बाँके शाखा नेपालगन्जको वार्षिक साधारण सभा तथा अन्तर सम्वाद कार्यक्रम सम्पन्न भएको छ ।

'मानव अधिकार, शान्ति, लोकतन्त्र, अहिंसा, सद्भाव र सहिष्णुता' मूल नाराका साथ शनिबार वार्षिक साधारण सभा तथा गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा सबैको अधिकार विषयक अन्तर सम्वाद कार्यक्रम सम्पन्न भएको हो ।

बाँके शाखाका सभापति तथा वार्षिक साधारण सभा तथा गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा सबैको अधिकार विषयक अन्तर सम्वाद कार्यक्रमका सभाध्यक्ष प्रभाकर भट्टराईको अध्यक्षतामा, नेपालगन्ज उद्योग वाणिज्यसंघ नेपालगन्जका निर्वतमान अध्यक्ष तथा कसौंधन बैश्य समाज बाँकेको अध्यक्ष नन्दलाल बैश्यको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा शाखाका उपाध्यक्ष प्रेम कुमार शर्माले स्वागत मन्तव्य राखेका थिए ।

शाखाका सचिव देवेन्द्र नाथ शुक्लाद्वारा सञ्चालित कार्यक्रममा वक्ताहरुले अझै पनि देशका ग्रामिण क्षेत्रमा सिटामोल लगायतको स्वास्थ्य सेवा सजिलै उपलब्ध हुन नसकेको बताएका थिए ।


उनीहरुले सरकारी विद्यालयहरुमा सरकारले परिपक्क भएका शिक्षकलाई नियुक्ति गरी अध्यापन गर्न लगाए पनि प्राइभेट बोर्डिङ्ग स्कूल कलेजहरुमा भने कम पढेका शिक्षकहरुबाट अध्यापन गराइएको अवस्था रहेको बताएका थिए ।

कार्यक्रममा नेपाल मानव अधिकार तथा शान्ति समाज केन्द्रीय उपसभापति कृष्ण रावल, महराजा माध्यमिक विद्यालयका पूर्व प्राधानाध्यापक श्याम बिहारी गुप्ता, निर्वमान सभापति कृष्णादेवी पाण्डेय, शाखाका सल्लाहकार विष्णुलाल कुम्हार, समाजसेवी जयकेश सिंह, पत्रकार चन्देश्वरराज त्रिपाठी, नारायण माध्यमिक विद्यालय नेपालगन्जका विद्यार्थी अनिल कुमार भुजवा लगायतले आ-आफ्ना विचार राखेका थिए । बन्द सत्रमा शाखाका कोषाध्यक्ष जहिरुलहक जीनूले आर्थिक प्रतिवेदन र शाखाको गतिविधिको जानकारी गराएका थिए ।

संस्थाका आजीवन सदस्य घन श्याम गुप्ता, रमेश चन्द्र प्रजापति, शाखाका उपाध्यक्ष प्रेम कुमार शर्मा, मेघ बहादुर बिष्ट, नमिता श्रेष्ठ, निर्वतमान सभापति कृष्णा देवी पाण्डेय लगायतले कार्यक्रममा राखेका जिज्ञासाको जवाफ केन्द्रीय उपसभापति कृष्ण रावल र शाखाका सभापति प्रभाकर भट्टराईले दिएका थिए । कार्यक्रममा साधारण सदस्य र आजीवन सदस्यता विस्तार गर्नुपर्ने लगायतका विषयमा छलफल समेत गरिएको थियो । कार्यक्रममा शाखाका काजल शर्मा, अल्पना बैश्य, घन श्याम गुप्ता लगायतको उपस्थित रहेको थियो ।

# कडा कदम उठाउन बाध्य नबनाउन जनमत पार्टीको चेतावनी






ललन कुमार चौरसिया/मध्यान्ह
रौतहट, १० पुस

जनमत पार्टीका केन्द्रीय सदस्य एवं केन्द्रीय प्रकाशन विभाग प्रमुख ललित मल्लिक शानूले रौतहट प्रशासनको अवरोधपूर्ण क्रियाकलापप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएका छन् । शानूले शनिबार एक विज्ञप्ति जारी गर्दै रौतहट प्रशासनलाई कडा कदम उठाउन बाध्य नबनाउन समेत चेतावनी दिएका छन् । '

जनमत पार्टीको केन्द्रीय समितिद्वारा घोषित 'अपन बुथ सबसे मजबुत' नारासहितको अपरेसन-बुथ-बुथ-मजबुत दुई महिने अभियान अन्तर्गत सम्पुर्ण मधेश भरीकै स्थानीय तहहरूमा केन्द्रीय समितिद्वारा तोकिएको प्रर्यवेक्षक बुथ स्तरदेखि समितिहरू सुदृढीकरण तथा प्रशिक्षणका लागि खटिएको सर्वविदितै छ तर शुक्रबार बेलुका कटहरीया नगरपालिकाका लागि तोकिएको प्रर्यवेक्षक जनमत पार्टी रौतहटको जिल्ला उपाध्यक्ष राम प्रवेश साहद्वारा प्रोजेक्टको माध्यमले हथियाहीमा प्रशिक्षण दिइराख्दा प्रहरीद्वारा अवरोध गरिनु र प्रशिक्षण विथोल्ने प्रयास गरिएको प्रति गम्भिर ध्यानाकर्षण भएको छ' शानूले जारी गरेको विज्ञप्तिमा भनिएको छ । यस्तै उनले राजनीतिक सभा सम्मेलन गर्न पाउने लोकतान्त्रिक अधिकारप्रति प्रहरीले हस्तक्षेप गरेको भन्दै प्रहरी प्रशासन सबैका लागि साझा हुन, भ्रष्ट जनप्रतिनिधिहरूको पछुवा र कठपुतली नबन्न समेत आग्रह गरेका छन् ।

साथै किसानहरूको हकहितका लागि जनमत पार्टी सिरहाद्वारा घोषित आन्दोलन प्रति एक्यवद्धता जनाउँदै किसान हकहितका लागि उठाएको मागहरु सम्बन्धित निकायहरुद्वारा गम्भिरताका साथ शिघ्र सम्बोधन गर्न पनि उलने माग गरेका छन् । मागहरु यथाशिघ्र पूरा नगरिएमा किसानहरूको हकहितका लागि सिरहामा मात्रै नभइ जनमत पार्टीले कतै पनि चुपलागेर नबस्ने सानुले विज्ञप्ति मार्फत चेतावनी दिएका छन् ।

## Invitation For Bids

**Bhume Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Khabangbagar,Rukum (East)**
**Lumbini Province,Nepal**

**Invitation for Bids for the construction work under the below mentioned contracts.**

**First Date of publication: 2078/09/11 B.S (2021/12/26 A.D)**

1. **Bhume Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **office of Bhume Rural Municipality, Khabangbagar Rukum (East), www.bhumemun.gov.np.**
3. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system **www.bolpatra.gov.np/egp**.
4. Pre-bid meeting shall not be held
5. Sealed bids must be submitted though electronically to the office **Bhume Rural Municipality Khabangbagar, Rukum (East)** on or before **12:00 Noon on 2078/10/11 B.S( 2022/01/25 A.D)** . Bids received after this deadline will be rejected automatically.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **15:00 on 2078/10/11 B.S (2022/01/25 A.D)** at the office of **Bhume Rural Municipality ,Khabangbagar, Rukum (East)**. Bids must be **valid** for a period of **90 days** after bid opening and must be accompanied by a bid security amounting to a minimum of **the below mentioned amount** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
9. **Bhume Rural Municipality Khabangbagar, Rukum (East)** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank : **Citizens Bank International Ltd. ,Bhume branch**
Name of Office : **Bhume Rural Municipality, Khabagbagar,Rukum(East)**
Account name and No. : **GA 1.1 Bhume Ga.Pa Aantarik Rajaswa Khata, 0780100000001202**

**Information to deposit for bid security in Bank:**
Name of the Bank : **Citizens Bank International Ltd. ,Bhume branch**
Name of Office : **Bhume Rural Municipality, Khabagbagar,Rukum(East)**
Account name and no. : **GA 3 Bhume Ga.pa. Dharauti Khata, 0780100000030201**

10. The Name and identification no. of the contracts are as follows.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amouunt (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Construction of Saakim-Serabang-Narampaani-Nakha Road. | EGP/BRMO/NCB/W-05/2078-79 | 24,00,000.00\|-( Twenty four lakh only) | 3000.00\|- (Three thousand only) | 60,000.00\|-(Sixty thousand only) |
| 2 | Construction of Domahi-Gaanapani-Majbang Road | EGP/BRMO/NCB/W-06/2078-79 | 25,92,000.00\|-( Twenty five lakh ninety two thousand only) | 3000.00\|- (Three thousand only) | 64,800.00\|-(Sixty four thousand eight hundred only) |

**Chief Administrative Officer**

HOSPITALITY TRAINING
Hilton Academy Pvt.Ltd.
A great place for career
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं
सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# गैरजिम्मेवार प्रतिपक्ष

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले चुनाव नभएसम्म संघीय संसदमा अवरोध कायमै राख्ने बताएका छन् । विराटनगरमा पत्रकारहरूसँग अध्यक्ष ओलीले चुनाव नभएसम्म संसद् सञ्चालन हुन नदिने बताएका हुन् । यो संसद्ले काम गर्न नसक्ने उनको तर्क छ । एमालेले गएको भदौ २३ गतेदेखि संघीय संसद् अवरोध गर्दै आएको छ । एमालेको अवरोधकै बीच चालु आर्थिक वर्षको संशोधित बजेट सरकारले ल्याएको थियो । लगातारको अवरोध नखुलेपछि सरकारले संसद् अधिवेशन अन्त्य गरेको थियो । हिउँदे अधिवेशन पनि सरकारले समयमै बोलाएको थियो । तर गएको मंसिर २८ गतेदेखि शुरू संसद् पनि एमालेले चल्न दिएको छैन ।

एमाले सांसदहरूले लगातार नाराबाजी सहित रोष्टम घेराउ गरेपछि संसद् चल्न नसकेको बारे पत्रकारहरूसँग अध्यक्ष ओलीले चुनावपछि संसद् अवरोध हटाउने बताए । हुनत ओलीले असंवैधानिक कदम चालेर गएको वर्ष नै प्रतिनिसभा विघटनको निर्णय गरेका थिए । तर ७ पुस २०७७ मा ओलीले गरेको संसद् विघटनको निर्णय सर्वोच्च अदालतले बदर गरेको थियो । २३ फागुनमा अदालतले पुनर्स्थापना गरेको प्रतिनिधिसभा ओलीले फेरि गएको ७ जेठ मध्यरात विघटन गर्ने निर्णय गरे । यसपछि भने प्रतिनिधिसभा पुनर्स्थापना मात्रै भएन, ओलीलाई पदमुक्त गर्दै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गर्‍यो । ओली पदमुक्त भएपछि एमालेको एकता जोगिएन । माधवकुमार नेपाल नेतृत्वमा नेकपा एकीकृत समाजवादी गठन भएको छ ।

एमालेले अहिले तिनै माधव नेपाल सहित १४ सांसदलाई संसद्मा बस्न दिन नहुने माग सहित संसद् बैठक अवरोध गर्दै आएको छ । तर सर्वोच्च अदालतमा यो मुद्दा विचाराधीन रहेकाले तत्काल कुनै निर्णय नदिने सभामुख अग्निप्रसाद सापकोटाले बताउँदै आएका छन् । एकीकृत समाजवादीका सांसदलाई कार्बाही नगर्ने हो भने सभामुख सापकोटाले राजीनामा दिनुपर्ने एमालेको माग छ । प्रधानमन्त्री देउवाले भने प्रतिनिधिसभाको अवरोध हटाउन एमालेसँग लगातार आग्रह गर्दै आएका छन् । सरकारलाई प्रश्न गर्ने सांसदहरूको अधिकार कायम गर्न र संसदीय मर्यादीय मर्यादा जोगाउन अवरोध नगर्न सर्वदलीय बैठकले पनि आग्रह गरेको छ । तर एमाले भने ओली नेतृत्व सरकारले विघटन गरेको प्रतिनिधिसभालाई औचित्यहीन बनाउने प्रयत्नमा देखिन्छ । एमालेले आफ्नो अडान र एजेण्डाबारे पुनर्विचार गर्न आवश्यक देखिन्छ ।

# सामाजिक र आर्थिक रुपान्तरणमा युवा

**मुलुकमा अहिले सरकार स्थीर छ तर, नीति स्थीर छैन । रोजगारीको अवसर छैन । नाना, खाना र छानाकै लागि युवाशक्ति विदेशीएको अवस्था छ । सामान्य आवश्यकताकै लागि पलायन हुनुपर्ने यो अवस्थाले के मुलुकको विकास होला ?**

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हालै निर्वाचन आयोगले एक सूचना प्रकाशित गरेछ, रोजगारका लागि विज्ञापन हो कि भन्ठानेको, अहँ होइन रहेछ । त्यसै दिन अर्को समाचार हेरियो, संसदमा नाराबाजी र प्रतिपक्षीको बिरोध रहेछ, आफूले कारबाही गरेका माननीयज्यूहरुलाई सूचना टाँस नगरेको, रैथाने बनाएर अर्को दल खोल्न दिएको भनेर ।

हे दसा के आइलागेको अदालतले खोलेको संसद पटक्कै चल्दैन त, त्यसो त विगतमा अदालतले नखोलेको पनि चल्दैनथ्यो । रत्नपार्कका रेलिँगहरु पूरै स्वर्ग गएका हुन्, सडकमा त आगजनी, आम हडताल कति हो कति, योभन्दा बरु कोरोना ठीक भन्नु पर्ने अबस्था देखियो । कम से कम युवाहरु सडकमा पोखिएनन्, सडक सुनसान भयो । २/४ दिन भए पनि मान्छेको आयु बढ्यो होला खतरा प्रदूषणबाट केही भए पनि बचियो, यसो हुँदा अर्थतन्त्र ध्वस्त हुँदा कसैलाई चिन्ता लागेको होइन । अहिले बैंकमा पैसा छैन, सामान आयात गर्दा अब ऋण नपाइने भयो, नगदै पैसा बैंकमा जम्मा गर्न अर्थमन्त्रालयले उर्दी जारी गरिसकेको छ । पहिलो एल सि खोल्दा यस्तो कडाइ थिएन, समयले धेरै फड्को मारेको छ, आज नगद भोलि उधारो, सूर्ति, चरोट, मदिरामा कडाइ तर राजस्व त्यतैबाट बर्सने हो, खानेले रक्सी खान कहाँ छोडेका छन् र ।

अर्को समाचारतिर ध्यान मोडियो, रत्न राज्य लक्ष्मी क्याम्पसमा चिट चोर्न नपाएको झोँकमा एक विद्यार्थीले शिक्षकको झाँको झारेछन् मात्रै होइन शिक्षकको टाउकै फुटेर ७ टाँचा लगाइएछ । विद्यार्थी स्नातकका र अमूक राजनैतिक युनियनका भन्ने खबर देखियो, सुनियो । त्यो बेलाको जमाना हो र शिक्षकले पनि समयअनुसारको व्यवहार गर्न नजानेका, अहिले सबै खुल्ला छ । गुरुहरुले सिकाएको काम त गर्नैं पर्‍यो, आखिर पास गर्नैं पर्‍यो जसो तसो । पास भए पनि प्रमाणपत्रले काम गर्ने होइन, या त डि भि पर्नु पर्‍यो या बेरोजगारमा दर्ता गराएर दलकै सिफारिसमा २/४ हजार वर्षभरिको लागि भत्ता माग्न जानु पर्‍यो, या त खाडीमा भैँडा चराउन जाने हो । यहाँको शिक्षाले कहिले पो सीप र रोजगारी दिएको हो र । पिटाइ खानुभन्दा दलहरुको कोपभाजनमा पर्नु हेर मेरा मान्छेलाई लाज मर्नु किन त्यस्तो गर्नु परेको भनी उल्टै खप्की खानु पर्ने जमानामा ।

अचम्म के लाग्यो भने मतदाता नामावलीमा १६ वर्ष पुगी नागरिकता लिएकालाई भोट हाल्ने प्रयोजनमा नाम छुट्ला भनि राजनैतिक दलहरुलाई अनुनय विनय गर्दै सूचना निकालिएको रहेछ । यो देशमा राजनीतिप्रति यति ठूलो चासो किन ? १६ वर्षका युवाले थप पढे पढेनन्, पढे पनि गुणस्तरीय शिक्षा पाए पाएनन् वा, प्रमाणपत्रधारीहरुले काम पाए पाएनन्, खोइ चासो ? अधिकांश युवाहरु डुकुलन्ठन भएर दलका झोला भिरेर, बरालिएर बसेका छन् । खेत, बारी सबैजसो बाँझै छन् । घरमा सघाउने कोही भएन, छोरा छोरी भनेको मान्दैनन्, खालि मोबाइलमा व्यस्त छन् । चाउमिन, चाउचाउ, डिउ, फ्यान्टा नभइ हुन्न, गोठका किला दाम्ला रोइरहेका छन् । विदेशिएका कोही पैसा पठाउँछन्, कोही परिवार बिगार्छन् । पति, पत्नीको बिचल्ली छ । बाबु, आमा घडेरी बेचेर दैनिक खाना, लत्ता कपडा, औषधिमूलो गराउँछन्, विकृतिको पहाड छ युवा पुस्तामा । अनुशासान छैन, जिम्मेवारीबोध छैन, दिनभरि गफ् चुट्छन्, तास र मदिरामा छन्, सिन्को भाँच्न मन छैन यसमा ध्यान कसले दिने । वर्षमा एक दिन दिवस मनाइन्छ बूढाबूढीको पनि र युवा तन्नेरीको पनि, त्यो पनि दूर्गमतिर त थाहै हुन्न कुन दिन दिवस पर्ने भनेर ।

कुनै बेला यस्तो जमाना थियो माओत्से तुङ, गान्धी, नेहरु, लि क्वान, मोहम्मद माथिरहरुको, तस्वीर देख्दै जीवनको रुपान्तरण होला भनेर, घरका भित्तामा तस्वीर राखिन्थ्यो । हेममालिनी, अमिताभ बचनको फोटै हेरेर दिनभरि आनन्द मान्ने सोख जसरी सिने प्रेमीहरुलाई थियो, जीवनको रुपान्तरणमा बिपि, पुष्पलाल, मदन भण्डारी, कृष्णप्रसाद, गणेशमान, मनमोहनहरुलाई देख्न, भेट्न पाए स्वर्गै पुगिन्थ्यो जस्तो लाग्थ्यो । एक दिन उनीहरुको टुँडिखेलमा भाषण छ रे भनेपछि दिनभर



> मतदाता नामावलीमा १६ वर्ष पुगी नागरिकता लिएकालाई भोट हाल्ने प्रयोजनमा नाम छुट्ला भनि राजनैतिक दलहरुलाई अनुनय विनय गर्दै सूचना निकालिएको रहेछ । यो देशमा राजनीतिप्रति यति ठूलो चासो किन ? १६ वर्षका युवाले थप पढे पढेनन्, पढे पनि गुणस्तरीय शिक्षा पाए पाएनन् वा, प्रमाणपत्रधारीहरुले काम पाए पाएनन्, खोइ चासो ?

माया मारेर भीडमा जुत्तै हराउने गरी ठेलमठेलमा रहेको त आफैँ पनि हो, जतिबेला जोस थियो । अब नेताहरुले देशलाई नाँगो पारिसकेका र आफैं पनि बादशाहको नयाँ कपडा भनेझैँ, सर्वाँग नागो भइसकेका छन् । हरेक पल पलमा आम सञ्चार, टि भि, पत्रिका मोबाइलमा नचाहेर पनि उनीहरुको दर्शन नगरी सुखै छैन ।

अमेरिकामा व्यस्त मानिसलाई राष्ट्रपतिको अनुहार वा उसको नामको चासो हुन्न । एक दिन भोट हाल्न त आस्थाका आधारमा जान पाउनु मौलिक हक नै होला, त्यो पनि अब त नो भोटको मत पनि आइसकेको छ । महाधिवेशनजस्तो खारिएका मान्छेले हालेको भोटमा सयौं भोट निस्क्रिय भएको स्पष्टै छ, यहाँ । यो चासो कम भएरै त हो नभए किन मतपत्र बिग्रन्छ ? बिग्रने मात्र होइन यहाँ बत्ती निभाएर च्यातिन्छ र च्यात्नेलाई आफ्नो दलको पद दिएको, उपल्लो पदमा बसी रि भोट गराउन आदेश दिनेलाई पनि दलभित्रैको सदस्यता दिइएको पनि स्पष्ट भइसकेकै विषय हो । बुझ्नेहरुलाई, उमेर पाका भएकालाई जेसुकै गरुन् यहाँ चासो होइन, यहाँ चासो के मात्र हो भने १६ वर्षकालाई अहिले नै राजनीतिमा किन होम्नु परेको हो । चासो हुने व्यक्ति त आफैँ आउँछ, चासो देखाएर देशमा काम पाइएको छ, वर्षौं चासो दिनेहरु पनि यहाँ बेरोजगार छन् । इच्छुक मान्छे कलेजमै युनियनको सदस्य हुन्छ, मरिहत्ते गरेर शैक्षिक संस्थामा राजनीति गरेकैहरु अहिले ओहदामा, दलमा भएकै हुन् । दलहरु संसद सन्चालनमा जाँदैनन्, गए पनि बिरोध गरी संसद नै चल्न दिँदैनन् । अनि तिनै दललाई १६ वर्षे छुट्लान् है भनेर घच्घचाउनु किन परेको ? पाँच वर्षपछि कलेज समय सकेर राजनीतमा वा भोटमा जाँदा फरक के पर्छ ? कुन दल विजयी भएर देशको गरिबी निवारण कति भयो ? विदेशी ऋण कति घट्यो, विदेश जान भाँडा माझ्न कति रोकिए, व्यापारघाटा कति कम भयो ? अनि स्वदेशी उत्पादन र निकासी वृद्धि कति भयो, सामाजिक रुपान्तरणमा कुन दलले कति काम गरे बा बेरुजुको दर कति खर्बले घट्यो बा प्रदेशैपिच्छे मन्त्रिमण्डल सधैं विस्तार कति गरियो ? कतिवटा मन्त्रालय नफुटाएर नयाँ गाडी किन्न कम गरियो ? यसबारे छलफल कता भयो ? के युवा मन्त्रालयको काम केवल खेल खेलाएको हेर्ने मात्रै हो ? अनि रोजगार मन्त्रालयको काम के हो ? दल फुटाऊ, भाग बण्डा गर मन्त्रालयको टिको लाऊ मात्रै हो र दलको अभियान ?

दल खेतीभन्दा उद्योग, व्यवसायको खेती गर्नु नपर्ने वा कतिबेला गर्ने कि जतिबेला पनि युवाहरु दलकै काममा देखिन्छन् । मुलुकको सामाजिक र आर्थिक रुपान्तरण युवाशक्तिको हातमा हुन्छ । परिवर्तन पनि धेरै यिनैले गरेका हुन्, तर युवा अवस्थामै सहिद भई दशरथचन्द आदि युवा नै थिए, सामाजिक रुपान्तरणको प्रयास गरे, मरेर पनि ती जिउँदा छन् । सांस्कृतिक रुपान्तरण युवा जिम्मेवारीको विषय हो । राजनैतिक रुपान्तरणमा युवा शक्तिकै असंख्य हात रहेको हुन्छ । हाम्रो मुलुकमा विगतदेखि वर्तमान आइपुग्दा अधिंकाश परिवर्तनहरु युवा शक्तिबाटै भएका छन् । तर, त्यही युवाशक्ति मुलुकबाट पलायन छ । अहिले कोही यूरोप, अमेरिका, कोरिया, अष्ट्रेलिया प्रतिभा पलायनका कारण वा खाडी मुलुक श्रम रोजगारीका खोजिमा । विश्वको समृद्धि प्राप्त मुलुक जापानले वृद्धहरुको सम्मान गरेको छ भने दिन दुई गुणा र रात चौगुणाले विकास गर्ने मुलुक थाइल्याण्डमा युवा शक्तिको गतिलो परिचालन भएको छ । यहाँ खोइ त कति वर्ष भयो आम परिवर्तन भएको के ले छेक्यो काम देखाउन, अधिकांश नेताजीहरु त हालकै हनुहुन्छ नि त ।

सिर्जनशीलता अनि साहस सिक्ने क्षमता र उच्च आत्मविश्वास युवाशक्तिमा रहेको हुन्छ । उद्यमशीलताको विकासमा नेतृत्व विकासमा उनीहरुलाई प्रयोग गर्ने सकिए मुलुकको समृद्धि टाढा हुन्न । गुण्डा, मुद्रे र डनको हिसाबमा प्रयोग भए त्यही युवा शक्तिले मुलुकमा भारी उच्छृङ्खलता पनि ल्याउन सक्छ । नेपालको कूल जनसंख्यालाई विश्लेषण गर्दा १६ देखि ४० वर्ष उमेर समूहका मानिसहरु ४१ प्रतिशत बढी छन् तर, प्रश्न उठेको तिनलाई दलको झोलामात्रै बोकाउने हो त ? हाम्रा सबै युवा शिक्षित, सीप सम्पन्न, अनुशासित र उद्यमशील हुने हो भने हामीले सोचेको विकासको रफ्तार टाढा हुन्न । युवा जनशक्ति भनौं मानव पुँजी पलायन हुन नदिने र श्रमशक्ति मुलुकमै प्रयोग हुने वातावरण सिर्जना गर्ने काम सरकारको हो । सबैलाई सरकारले रोजगारी दिन नसके पनि रोजगारीका अवसर सिर्जना भने गर्न सक्छ । मुलुकमा अहिले सरकार स्थीर छ तर नीति स्थीर छैन किन । रोजगारीको अवसर छैन । नाना, खाना र छानाकै लागि युवाशक्ति विदेशिएको छ । आफु र आफन्त आश्रित बुढाबुढीहरुको सपना पुर्तिका लागि पनि घरजग्गा बेचेर ऋण काढेर युवाशक्ति जसका कारण युवा पलायनको गति धेरै छ । उद्योग, उद्यमशीलता, लगानी र रोजगारीका क्षेत्रमा युवामैत्री भएन भन्ने व्यापक जन गुनासो छ, मुलुकमा ! एकद्वार प्रणाली छैन । कुनै पनि सरकारी काम बढी प्रक्रियामुखी झन्झट र अपारदर्शी भयो भन्ने युवाहरुको गुनासो छ । पासपोर्टमा बस्ने लाइन, सवारी चलक पत्र लिनेको लाइन हेरौं न पहिले । इ-पासपोर्ट समयमा नपाएको कत्रो गुनासो छ यिनको ?

## सामाजिक सञ्जाल



**- खगेन्द्र संग्रौला**

अघिल्लो साँझसम्म आफ्नो वरिपरि झुम्मिएका सारा अवसरवादीले देउवालाई बोक्दा पनि सभापतिमा ४० प्रतिशत मत ल्याउने शेखर केन्द्रीय वरियतामा २० नम्बरमा ? पञ्चायती दानापानी खाएर हुर्किएका सुनिल थापाचाहिँ वरियतामा शेखरभन्दा अगाडि ? अनि यो अपमानविरूद्ध कुनै कांग्रेसी नबोल्ने ? हैट, लाजमर्नु !



**- पुरूषोत्तम ढुंगेल**

चल्तीको राजनीतिले, नेताको पद जोगाउँछ, गुटको वर्चस्व जोगाउँछ, गठबन्धनको सत्ता जोगाउँछ, विदेशीसँगको दोस्ति जोगाउँछ, घुँडा धसेर यी सबै थोक जोगाउँदै गर्दा, देश र जनताका सपना चैं नराम्ररी भत्काउँछ !



**- सुर्यराज आचार्य**

नेपालको लागि सही छ कि छैन चासो छैन गठबन्धन तोड्ने हो भने पास गरिन्छ रे । बुझ्नुपर्ने कुरा केहो भने एमसीसी त केही पनि होइन भारत र अमेरिकाले यी नेताहरूलाई नेपालको यो यो भाग हाम्रो लागी महत्वपूर्ण छ चाहियो भने पछि यि विदेशीका खेतालाले घुमाउरो पाराले दिन्छन् भने ।



**- केशव दाहाल**

मन्त्री थप्नुहोस्, गाडी थप्नुहोस्, पिए थप्नुहोस्, कुर्सी थप्नुहोस्, अर्को दरबार र सिंहासन थप्नुहोस् । कुनै नयाँ काम गर्नु पर्दैन सत्ता टिकाउन सकेजति सबै वेथिती बोक्नुहोस् । कुहिनुहोस्, गनाउनुहोस् ख्वामित, के यसरी तपाईंको नयाँ पार्टी, यसको अर्थ र औचित्य स्थापित होला ?



**- डम्मर खतिवडा**

हो, देशमा थुप्रै बेथिति, विकृति र विसंगति छन् अहिले । तर, ती दलतन्त्र, असक्षम नेतृत्व, बजारवाद, संसदीय प्रणाली र परम्परागत कर्मचारीतन्त्रबाट निसृत हुन । त्यसको दोष लोकतन्त्र, गणतन्त्र, संघवाद, धार्मिक स्वतन्त्रता, समावेशीता र सामाजिक न्यायमाथि लगाउन खोज्नु गलत निशाना लगाउनु हो ।

## टिप्पणी

# संकटमा अर्थतन्त्र र मौन अर्थमन्त्री



● अनुसा थापा

> अहिलेका अर्थमन्त्रीलाई अर्थको विषयमा केही पनि थाहा छैन् जस्तो देखिन्छ । अहिलेको धराशाही अवस्था उनी नेतृत्वमा रहँदा नै भइरहेको छ । उनले समस्यालाई निकास दिन कुनै उपाय लगाइरहेका छैनन् । उनको अर्कमण्यतामा धेरैले पद छोडेर निकास दिनुपर्ने पनि बताइरहेका छन् । अर्थमन्त्रीले समयमै सोंच, विचार पुर्‍याएको भए सायदै अर्थतन्त्रले सिद्धिएको रुप देख्थ्यो होला ।

बैंक तथा वित्तीय संस्थाहरुमा तरलताको अभाव भएको देखिएको छ । तरलताकै कारण सर्वसाधारणले बैंक खातामा लगेर मुद्दती र बचत खातामा राखिएको रकमहरु निकाल्न जाँदा खेरि पर्याप्त मात्रामा पैसा नपाउने अवस्थाको सिर्जना भइसकेको छ । आफ्नो खातामा पर्याप्त मौज्दात रहे पनि भने जति रकम सर्वसाधारणले निकाल्न पाइरहेको अवस्था छैन् । वित्तीय संस्थामा जाँदा संस्थामा पैसा नभएको जवाफ नपाउदै फर्किनुपर्ने स्थिति छ । अहिले वित्तीय संस्थाहरुले ब्याज बढाइदिन्छौं भनेर प्रलोभन दिँदे आएका छन् भने बचतकर्ताहरुलाई आफ्नो मुद्दती खाता नवीकरण गर्न तर्फ उक्साइरहेका छन् । पर्याप्त मौज्दात नहुँदा वित्तीय संस्थाले चाहिएको आधा रकम मात्र वितरण गरिरहेको अवस्था छ । अहिले अधिकांश वित्तीय संस्था धरासायी बनेको आशंका गरिएको छ । र यो कार्यले पनि यसकै संज्ञा दिएको छ । सहकारीहरुको अवस्था पनि उस्तै नै छ । सहकारीमा खाता भएकाहरु एक लाखको चेक लिएर गयो भने चेक नै साट्दैनन् । सहकारीहरुले भोलिपर्सी भन्दै झुल्याउने गरेको छन् ।

वित्तीय संस्थाहरु धरासायी बन्नुको कारण अनुत्पादक क्षेत्रमा लगानी गर्नु हो । बैंक तथा वित्तीय संस्थाले उधोगमा लगानी गर्नको सट्टा घरजग्गा, गाडी र सेयरमा लगानी गर्न रुचाउछन् । बैंकको मँहगो ब्याज तिर्नसक्ने स्थिति अहिले कसैमा पनि छैन् । डिपोजिट गर्नेलाई जम्मा तीनदेखि पाँच प्रतिशतसम्म ब्याज दिन्छन् तर, ऋण लिनेले मासिक बीस प्रतिशतसम्म ब्याज र तीन प्रतिशत सेवा शुल्क दिन बाध्य छन् । घरजग्गा, सेयर, निजी प्लेटका सवारीमा लगानी गर्नु नै जोखिमपुर्ण कुरा हो । तर वित्तीय संस्था तत्कालको स्वार्थमा यस्तै क्षेत्रमा लगानी बढाइरहेका छन् ।

अहिले थोरै ब्याजमा रकम डिपोजिट गर्न सर्वसाधारण तयार छैनन् । त्यसैले पनि वित्तीय संस्था धरासायी बनेका छन् । अहिलेको अर्थतन्त्र निकै नै उथलपुथल बनेको छ । दैनिक तरलता बढिरहेको छ तापनि बैक तथा वित्तीय संस्थाको चेत खुलेको छैन् । तथापी घुस खाएरै बैंक तथा वित्तीय संस्थाले घरजग्गा जस्ता अचल सम्पत्तिमा लगानी गरिरहेको अवस्था छ । कर्जा अहिले पनि रोकिएको छैन् । यता, घरजग्गा, निजी प्लेटको गाडीको मुल्य घटेको बताइन्छ । नेप्सेमा पनि निकै नै गिरावट आएको छ । मुलुकको अर्थतन्त्र नै टाट पल्टिसक्दा पनि अर्थ मन्त्रालय भने आँखा चिम्लेर बसेको छ ।

व्यापार घाटा पनि उत्तिकै बढेको छ अहिले निर्यातको तेब्बर आयात भइरहेको देखिन्छ । व्यापार घाटा हुनु त स्वाभाविक पनि हो । हरियो तरकारीदेखि लिएर गुन्द्रक भारतबाट आयात हुन्छ । चामल, पिठो, तेल, लत्ताकपडा पनि भारतकै भर हो । नेपालमा न केही उब्जनी हुन्छ न त खेती गर्नलाई जमिन नै बाँकी छ । त्यसैले पनि मुलुकको अर्थतन्त्र धरासायी बन्न पुगेको हो ।

बैंक तथा वित्तीय संस्थाले चाहिएभन्दा धेरै कमाउने उद्देश्य राख्दा र सर्वसाधारण ठग्दा पनि यस्तो अवस्था आएको छ । वित्तीय क्षेत्रमा जति लुट अरुमा सायदै छ होला । यिनीहरुले छोटो समयमा जसरी भएपनि धेरै कमाउने उद्देश्य राख्छन् । जसले गर्दा सर्वसाधारणको विश्वास वित्तिय संस्थाबाट हट्दै गएको छ । अर्कोतिर, बजारमा हाल पनि सेयर दलालहरुले सेयरको मुल्य बढ्छ भनेर हल्ला फिजाइरहेका छन् । सिधासाधी जनतालाई सेयर किन्न लाएर फसाइरहेको छन् ।

घरजग्गाको मुल्य बढ्छ भन्दै यस क्षेत्रमा लगानी गर्न पनि जग्गा दलालहरुले लगाइरहेका छन् । निजी प्लेटका सवारी बेच्ने अटोशोरुमहरुले पनि त्यही नै गरिरहेको छन् । बैंकका चेयरम्यान र म्यानेजरहरु कमिशनको लोभमा गलत ठाउँमा लगानी गर्न उत्साहित भइरहेका छन् । अर्थतन्त्र धरासायी बनाउनमा यिनिहरुको पनि ठुलो हात छ । मुलुकको खस्किँदो अर्थतन्त्रले सरकारी कर्मचारी समेत बेतलब हुनुपर्ने देखिएको छ ।

अहिलेका अर्थमन्त्रीलाई अर्थको विषयमा केही पनि थाहा छैन् जस्तो देखिन्छ । अहिलेको धराशाही अवस्था उनी नेतृत्वमा रहँदा नै भइरहेको छ । उनले समस्यालाई निकास दिन कुनै उपाय लगाइरहेका छैनन् । उनको अर्कमण्यतामा धेरैले पद छोडेर निकास दिनुपर्ने पनि बताइरहेका छन् । अर्थमन्त्रीले समयमै सोच विचार पुर्‍याएको भए अर्थतन्त्रले सिद्धिएको रुप सायदै देख्थ्यो होला ।

अहिलेको अर्थमन्त्रीमाथि जनताले विश्वास गर्न छोडिसकेका छन् । जसको कारण निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था जुनसुकै बेला समस्यामा आउन सक्ने देखिन्छ । अहिले जनताले खाइ नखाइ बचाएको पैसा डुंगामा तैरिएको अवस्था छ । कतिबेला पल्टिन्छ कसैलाई अत्तोपत्तो छैन् । मँहगो ब्याजको लोभमा वित्तीय संस्थाहरुले जहीतही पैसा रोपेका छन् । विरुवाभन्दा धेरै घरजग्गामा बैंक तथा वित्तीय संस्थाले पैसा रोपेका छन् । कहाँ र कतिबेला पैसा डुब्ने हो कसैलाई थाहा छैन् । निजी क्षेत्रको लगानी एक किसिमको असुरक्षित लगानी हो ।

# इरानद्वारा ब्यालेस्टिक मिसाइल परीक्षण



**काठमाडौं/एजेन्सी–** इरानले शुक्रबार आफ्नो पाँच दिवसीय सैन्य अभ्यासको अन्तिम दिन इजरायललाई चेतावनी दिनको लागि १६ वटा ब्यालेस्टिक मिसाइल पड्काएको छ ।

एएफपीका अनुसार इरानको सैन्य बलका प्रमुख मेजर जनरल मोहम्मद बाघेरीले सरकारी टेलिभिजनको माध्यमबाट भनेका छन्, 'हिजोआज यहुदी शासनले जुन किसिमको खतरा पैदा गरेको छ, यो अभ्यास उनीहरुलाई दबाब दिनको लागि गरिएको हो ।'

'चुनिएको लक्ष्यअनुसार १६ मिसाइललाई पड्काइएको छ। यस अभ्यासमा इरानमा भएका सयौं मिसाइलमध्येका ती मिसाइललाई प्रयोग गरिएको छ, जसले उक्त देशलाई तहसनहस पार्न सक्छ र इरानमाथि हमला गर्नेबारे उनीहरुले सोच्न पनि नसकून् ।'

महान पैगंबरको नाममा यो सैन्य अभ्यास सोमबारबाट बुशहर, होर्मजगान र खुजेस्तान प्रान्तमा सुरु भएको थियो। यो सैन्य अभ्यासलाई यहुदी शासनका अधिकारीको लागि गम्भीर चेतावनी रहेको इरानले जनाएको छ। यो अभ्यास अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिवनको इजरायली प्रधानमन्त्री नेफ्टाली बनेटसँग बुधबार भएको भेटघाटका क्रममा भएको थियो ।

इजराइल सन् २०१५ मा इरानको परमाणु सम्झौतालाई पुनः लागू गर्ने विषयको विरुद्धमा रहेको छ ।

# क्रिसमसको दिन साढे चार हजार उडान रद्ध



**काठमाडौं/एजेन्सी–** विश्वका धेरै देशमा मनाइने क्रिसमस पर्वको दिन चार हजार ५०० भन्दाबढी विमान उडान रद्ध भएका छन् । अत्यधिक धेरै यात्रा हुने दिनका रुपमा समेत चिनिने क्रिसमसका दिन शनिवार यति धेरै विमान सेवा रद्ध भएको अधिकारीले जनाएका छन् । कोरोनाभाइरसको नयाँ भेरियन्टका रुपमा देखिएको ओमिक्रोनको संक्रमण थप फैलिने डरले क्रिसमसकै दिनको उडान पनि रद्ध भएको हो । त्यसैगरी अरु हजारौँ उडानमा ढिलाइ पनि भएको उडानसम्वन्धी सूचना प्रवाह गर्ने वेभसाइड फ्लाइट अवेर डटकममा उल्लेख गरिएको छ ।

उडान रद्ध तथा ढिलाई हुँदा अमेरिकी राष्ट्रपति जो वाइडेनसहित विश्वका प्रभावशाली व्यक्तिसमेतलाई असर परेको छ । यसअघि गत शुक्रबार मात्रै २४ सयभन्दा बढी उडान रद्ध भएका थिए भने ११ हजारभन्दा बढी उडानमा ढिलाइ भएको थियो । आइतबारका लागि तय भएका ६०० भन्दा बढी उडान पनि रद्ध भइसकेका र अरु पनि धेरै रद्ध हुन सक्ने बताइएको छ ।

# आप्रवासी शरणार्थी चढेको डुंगा डुब्दा १६ को मृत्यु

**काठमाडौं/एजेन्सी–** एजियन सामुद्रिक टापु पारोस नजिकै शुक्रबार राति शरणार्थी डुंगा डुब्दा मृत्यु हुनेको संख्या १६ पुगेको छ । मृत्यु हुनेमा एक शिशु पनि रहेको ग्रीक सञ्चारमाध्यमले शनिबार जनाएका छन्। ग्रीसेली राष्ट्रिय समाचार संस्था एमएनएका अनुसार चार दिनको अन्तरालमा ग्रीक पानीमा भएको यो तेस्रो दुःखद घटना हो ।

यसअघि ग्रीसको हेलेनिक कोष्ट गार्डले एजियन समुहको एन्टिकिथेरा टापुमा बिहीबार डुबिरहेको शरणार्थी र प्रवासी डुङ्गा दुर्घटनामा मृत्यु हुनेको संख्या ११ पुगेको जनाएको थियो ।

उक्त घटनामा परी घाइते भएका ९० यात्रुको उद्धार गरिएको छ । ग्रीसका अधिकारीहरूले फोलेगान्ड्रोस टापु नजिकै गत बुधबार पनि एउटा डुंगा डुबेको थियो भने उक्त घटनामा



तीन जनाको मृत्यु भएको र थियो । डुंगा दुर्घटनामा अन्य १३ जनालाई जीवितै उद्धार गरिएको थियो भने केही मानिसहरू बेपत्ता भएका थिए ।

सन् २०१५ देखि शरणार्थी र आप्रवासीको आश्रयस्थलका रूपमा अग्रपङक्तिमा रहेको छ । विगत छ वर्षमा एजियन समुद्रमा सयौंको मृत्यु भएको छ । 'ग्रिक म्यारिटाइम अफेयर्स र इन्सुलर पोलिसी' मन्त्रीले शनिबार इमेलमार्फत दिएको जानकारीमा भनिएको छ, "सन् २०२१ मा ग्रीसले एक हजार ४५० खोज तथा उद्धार अभियानमार्फत् २९ हजार भन्दा बढी मानिसहरूको उद्धार गरेको छ। सुरक्षाको आधारभूत स्तर अनुरूप नभएका डुंगाहरूमा अक्सर व्यापारीहरूले दर्जनौं गरीब तथा द्वन्द्वपिडित मानिसहरूलाई ओसार पसार गर्ने गरेका र यसका कारण बढी दुर्घटनाहरू भएका ग्रीसका अधिकारीहरूले बताएका छन् ।

# चीनमा चार महिनापछि सबैभन्दा धेरै संक्रमित

**काठमाडौं/एजेन्सी–** चीनमा कोरोनाभाइरसबाट दैनिक संक्रमितको संख्या चार महिनापछि सबैभन्दा धेरै देखिएको छ। विगतमा संक्रमितको संख्या घट्दै गएपनि अहिले फेरि बढेको देखिएको सरकारी अधिकारीले शनिबार जानकारी दिएका छन् ।

कोरोनाभाइरसको सबैभन्दा पहिला पुष्टि भएको मुलुक चीनमा महामारीको न्युनिकरण भने अरु देशभन्दामा राम्रोसँग भएको थियो । सन् २०१९ को डिसेम्बर अन्तिममा कोरोनाभाइरसको पुष्टि चीनमा भएको थियो। सुरुमा उच्च सतर्कता गरेकाले चाडो महामारी न्युनिकरण गर्न सफल भएको थियो भने चीनले कोरोनाभाइरस विरुद्धको खोप पनि उत्पादन गरेको छ। चीनमा उत्पादन गरिएको खोप अहिले विश्वका धेरै देशका नागरिकले लगाइसकेका छन्।


## प्रतापपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

**सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८।०९।११**

यस प्रतापपुर गाउँपालिकामा देहाय बमोजिमको प्राविधिक पदहरुमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित आवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | वि.नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०५/०७८/०७९ | सहायक कम्प्युटर अपरेटर | सहायक चौंथो | ४(चार) |

**आवश्यक योग्यता र अनुभव**

१. शैक्षिक योग्यताः- एस.एल.सी. वा सो सरह उतीर्ण भई मान्यता प्राप्त शिक्षण संस्थाबाट ६ महिने आधारभूत कम्प्युटर तालिम प्राप्त गरेको ।
२. उमेरः- १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको ।
३. प्राथमिकताः- सम्बन्धित स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिईनेछ ।
४. दरखास्त दिने स्थानः- प्रतापपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्रतापपुर, नबलपरासी (ब.सु.प.) ।
५. दरखास्त दिने अन्तिम मितिः- २०७८/०९/२५ गते कार्यालय समय भित्र ।
६. आवेदन दस्तुरः- रु. पाँच सय (रु. ५००।००) ।
७. छनौटको किसिमः- यस गाउँपालिकाको करार सेवामा पदपूर्ति गर्ने कार्यविधि, २०७८ बमोजिम प्रारम्भिक योग्यताक्रमको सूची, सीप परीक्षण एवं अन्तरवार्ता ।
८. तलब स्केलः- कार्यपालिकाको निर्णयानुसार ।
९. आवेदन साथ संकलन कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपि ।
नेपाली नागरिकता, न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात, नेपाल बाहिरको शैक्षिक प्रमाणपत्र भए नेपालको विश्व विद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्र, पासपोर्ट साईजको फोटो २ प्रति ।

**द्रष्टव्यः- दरखास्त फारम यस कार्यालयको वेभसाईट www.pratappurmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**



## Bishnupur Rural Municipality
## Office of the Rural Municipal Executive
**Bishnupur Pra.Ma., Siraha**
**Province No.2, Nepal**

**Notice for the Letter of Intent (LOI)**

**Date 2078-09-11 (26th December 2021)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063 (Revised), this is to notify all the bidders who submitted their bids for the contract identification **No. BRM-E1-01-78/79, Construction of Bishnu Sewa Sadan Building** as per the Invitation for Bids published in the national daily newspaper "Madhyanha National Daily" on Kartik 03, 2078 (20th October 2021), that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 with its revision.

| Contract ID. | Na me of Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. & VAT) |
|---|---|---|---|
| BRM-E1-01-78/79 | Construction of Bishnu Sewa Sadan Building | Shah Nirman Sewa, Inaruwa-1, Sunsari | 1,54,81,049.48 |

Chief Executive Officer



## Invitation for Bids
## Chainpur Municipality
## Office of The Municipal Executive
**Chainpur, Sankhuwashava**
**Province No.1, Nepal**

**Invitation for Bids for the Construction of Chainpur Siran Dekhi Siddhakali Jane Sadak**
**Contract Identification No: CM/NCB/W/04/078-079**

**First Date of publication: 2078/09/11**

1. The Chainpur Municipality, Chainpur, Sankhuwashava invites sealed bids or electronic bids for Nepalese eligible bidders for the construction of Arunkhola Solar MUS Project under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 1,09,25,083.21 (Including VAT)**.
2. Eligible Bidders may obtain further information from the office Of Chainpur Municipality, Chainpur, Sankhuwashava or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidders have only the option to submit their bid electronically should download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp.** Bidders, submitting their bid electronically, should deposit the cost Rs. 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Rastriya Banijya Bank , Chainpur Branch**
   Name of Office : **Chainpur Municipality, Chainpur, Sankhuwashava**
   Antarik Rajaswa Account no. : **2030100301010002 (For bid document Purchase)**
   Dharauti Account no. : **2030100303000002 (For bid security deposit)**
4. Pre-bid meeting shall not be held .
5. Last Date of bid purchase is 30 days from date of bid publication in office time .
6. Sealed or electronic bids must be submitted to the office of Chainpur Municipality through PPMO website **www.bolpatra.gov.np/egp** on or **before 12:00 hrs of 2078/010/11** . Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hrs** of **2078/10/11** at the office of Chainpur Municipality, Chainpur, Sankhuwashava. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Rs 2,80,000.**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The purchaser reserves the right to accept or reject ,wholly or partly any or all the bid without assigning any reasons whatsoever .
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 and Public Procurement Regulation 2064 and other prevalling rules and regulations of Nepal.

**Chief Administrative Officer**



## प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा
बागमती प्रदेश, मकवानपुर, नेपाल

**उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०९/११)**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १(क) को ८, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख तथा उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ बमोजिम उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराई क्याटलग सपिङ्ग विधिबाट यस कार्यालयको लागि Hard Top Jeep 4 WD SUV (1900 to 2200 CC) थान १ (एक) सवारी साधन खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक उत्पादक, कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुबाट फर्म दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, स्वघोषणापत्र र आ.व. ०७७/७८ को कर चुक्ताको प्रमाणपत्र समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार तोकिएको स्पेशिफिकेशन, गुणस्तर, कम्पनीको मूल्य खुल्ने कागजात र सुविधा सहितको विवरण (क्याटलग/व्रोसर) समेत सँलग्न गरी सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समयभित्र यस कार्यालयमा निवेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने दिन निवेदन दर्ता गर्न सकिनेछ । खरिद गरिने सवारी साधनको स्पेशिफिकेशन सम्बन्धी जानकारी यस कार्यालयको वेभसाइट hetaudayatayat.bagamati.gov.np तथा खरिद इकाईबाट प्राप्त गर्न सकिनेछ। पेश हुन आएका प्रस्तावहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने एवम् खरिद प्रक्रिया जुनसुकै बखत रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।



## प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
## बागवानी केन्द्र
प्रदेश नं.१, फाप्लु , सोलुखुम्बु, नेपाल

**आशय पत्र सम्बन्धी सूचना**

**सूचना प्रकाशित मितिः २०७८/०९/११ गते**

यस कार्यालयबाट मिति २०७८/०७/२८ गते प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्याङ्कित र सारभुतरुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने निर्माण व्यवसायीको नाम | कबोल अंक (मू.अ.कर सहित) |
|---|---|---|---|
| MG/W/NCB/HC-SM/2078-079 | Office Compound Fencing Construction Work | RK Construction Solududhkunda Municipality-04, Solukhumbu | NRs.4318900.34 |

प्रमुख प्रशासकीय अधिकृत

# बक्स अफिस समाचार

# ‘गीतसंगीतले मानवीय दिशानिर्देश गर्न सक्नुपर्छ’



नेपाली आधुनिक सुगम संगीतमा समकालीन पुस्ताका प्रसिद्ध संगीतकार हुन्, सन्तोष श्रेष्ठ । उनको संगीतमा आफ्नै मौलिकता र परिचय स्थापित भएको छ । लोक, आधुनिक र शास्त्रीय संगीतमा गहिरिन सक्ने साथै आधुनिक गीत, गजल, राष्ट्रिय भाव र चलचित्र संगीतमा पनि कुसलतापूर्वक काम गरेका छन् । पछिल्लो समय विश्व संगीतको इतिहासमा बाह्र अन्तर्राष्ट्रिय भाषामा संगीत भरेर विश्व कीर्तिमानी संगीतकारको रुपमा आफूलाई प्रमाणित गराएका छन् । दाङमा जन्मिएका सन्तोष श्रेष्ठ अहिले काठमाडौंमा बसेर सांगीतिक कर्ममा तल्लीन छन् । उनको संगीतसँगै गायन र लेखन पनि त्यत्तिकै राम्रो छ । हालसम्म उनको एकल संगीतमा ३८ आधुनिक गीत र गजलका एल्बम सार्वजनिक भएका छन् भने सयौं फुटकर गीतहरूमा उनको संगीत सुन्न सकिन्छ । ‘तिमीले पराई ठानेपछि पराई हुन के भयो र’ डिजिटल प्रविधिको सीआरबीटीमा अहिलेसम्मकै सबैभन्दा धेरै डाउनलोड भएको ऐतिहासिक गीतमा सन्तोषले संगीत भरे । आउँछु भनि निष्ठुरीले भर किन पार्नु, तिमीले भुल्न सके पनि मैले भुल्न सकिन भो, तिम्रो दिलमा चोट लाग्दा मेरो दिलमा दुख्छ, किन आउँछ तिम्रो याद एकान्तमा यति धेरै, तिमीले हाँसो लुटी लाग्यौ रुँदैरुँदै बाँचेकी छु, तिमीलाई सन्चो छैन भन्ने खबर पाएँ मैले, परेलीको वर्षातले छातीभित्र पहिरो गयो, तिम्रै यादमा भित्रभित्रै जलीजली बाँचेकी छु लगायतका लोकप्रिय गीतमा मीठो संगीत सिर्जना गरे । उनले आधा दर्जनभन्दा धेरै चलचित्रमा पनि संगीत दिएका छ । सन्तोष श्रेष्ठले नेपालमै पहिलो एकल गजल गायनका साथसाथै राष्ट्रिय भावका गीतहरूको पनि नेपालमै पहिलो एकल गायन सम्पन्न गरेका छन् । फुर्सदको समयमा कलम चलाउने सिलसिलामा २ साहित्यिक कृति ‘आँसु’ गजलसंग्रह र ‘अधुरो सपना’ लघुकथासंग्रह प्रकाशित छने भने उपन्यास प्रकाशोन्मुख अवस्थामा छ । संस्थागत संलग्नता अन्तर्गत नेपाल सांगीतिक संघका महासचिव, संगीत रोयल्टी संकलन समाजका सदस्य, बृहत नेपाली कलाकार संघ उत्तर अमेरिकाका नेपाल संयोजक, अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज गीतसङ्गीत प्रवर्द्धन समितिका सदस्य लगायतमा आबद्ध भएर काम गरेका छन् । संगीत कर्मसँगै सम्मान, पुरस्कार प्राप्त गरेका छन् । सेतुराम सङ्गीत साधना पुरस्कार, नारायण गोपाल युवा संगीत पुरस्कार, जेसीज उत्कृष्ट युवा पुरस्कार, एक्स्ट्राअडिनरि ट्यालेन्ट अवार्ड आदि हुन् । निर्णायकको रुपमा रहेर थुप्रै काम गरेका संगीतकार **सन्तोष श्रेष्ठ**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**संग गरेको कुराकानी:

**सन्तोष श्रेष्ठ**
**संगीतकार**

**पछिल्लो सिर्जना के ल्याउदै हुनुहुन्छ ?**

पछिल्लो समयमा मेरो संगीतमा केही आधुनिक, शास्त्रीय र चलचित्रका गीतहरू रेकर्डिङ भइरहेका छन् । संगीतबाहेक अर्को फरक पाटो पहिलोपटकको लकडाउनमा लेखेको मेरो एउटा उपन्यास पनि छिट्टै सार्वजनिक गर्दैछु ।

**दर्शक, स्रोताको गीतसंगीत सुन्ने र हेर्ने तरिकामा फरकपन आएको हो ?**

पछिल्लो समयमा सार्वजनिक भएका गीतसंगीतहरूलाई नियाल्दा केही फरकपन पाइन्छ । गीतसंगीत सुन्ने भन्दा बढी हेर्ने तर्फ केन्द्रित भएको छ ।

**अडियो सीडी एल्बमको व्यापार ठप्प भएसंगै गीतसंगीतको व्यावसायिक स्थिति धरापमा परेको छ भन्छन् नि ?**

समयानुकूल प्रविधि फेरिँदै जान्छ । अहिले गीतसंगीत केवल युटुव व्यावसायमा अडिएको छ । लगानी अनुसारको फाइदा कमै भएको पाइन्छ ।

**नयाा पुस्ताका गायक गायिकाहरूको गीतले गर्दा पुरानो गायक गायिका र गीतसंगीतलाई प्रभाव पारेको छ भन्छन् नि, तपाईंलाई के लाग्छ ?**

गीतसंगीतमा हरेक नयाँ पुस्ता फरक शैलीबाट प्रस्तुत हुँदै जान्छ । हिजो, आज र भोलिको सिर्जनात्मक प्रस्तुति र सुन्ने स्वाद फरकफरक हुँदै जान्छ । यो पुस्तान्तरणको स्वभाविक प्रभाव हो ।

**पछिल्लो समय लोक र मौलिकभन्दा पनि मिश्रित गीतसंगीतले बजार पाएको हो ?**

गीतसंगीतमा गहिरो साधनाभन्दा चर्चामा आउने होडबाजी बढेको छ । साधनाको अभावमा आफ्नो मौलिकताको ह्रास हुँदै केवल मिश्रित सिर्जना बजारमा पाइन्छन् ।

**गीतसंगीत भनेको मनोरञ्जनको लागिमात्र हो कि मानव जीवनमा पनि यसको कुनै भूमिका रहन्छ ?**

मेरो दृष्टिकोणमा गीतसंगीत केवल मनोरञ्जनको लागि मात्रै होइन । मानव जीवनमा यसको महत्वपूर्ण भुमिका रहन्छ । गीतसंगीतले मानवीय दिशानिर्देश गर्नसक्नुपर्छ ।

**डिजिटल प्रविधि भित्रिएपछि संगीतकारको सिर्जनामा परिवर्तन आएको हो ?**

संगीतकारको आन्तरिक सिर्जनात्मक भुमिकामा डिजिटल प्रविधिले कुनै परिवर्तन ल्याउँदैन । प्रस्तुतीकरणमा केही सहजता भने जोडिएको छ । सिर्जनात्मक पक्ष र प्राविधिक पक्ष फरकफरक पाटो हुन् ।



**हेर्ने गीतको आकर्षणले गर्दा सुन्ने गीतको महत्व घट्यो भन्छन् नि ?**

गीत सुन्ने विषय हो । हेर्ने गीतको आयतन साँघुरो बन्दछ । अडियोको स्तरमा भिडियो निर्माण भएन भने महत्व घट्ने होइन गीतको मृत्यु नै हुन्छ ।

**तपाईंको संगीत रहेको कतिवटा गीतको भिडियो बने होलान् ?**

क्यासेट र सीडीको समयमा भिडियो नहुँदा पनि गीत बजारमा बिक्रीवितरण गर्न सकिन्थ्यो । त्यो बेला कमै संख्यामा बने तर पछिल्लो समयमा धेरैजसो गीतको भिडियो बनेका छन् ।

**वर्ल्ड रेकर्डेड संगीतकार तपाईं, कस्तो महसुस गरिरहनु भएको छ ?**

विश्व संगीतको इतिहासमा पहिलोपटक अन्तर्राष्ट्रिय बाह्र भाषाका गीतमा संगीत गरेर विश्वकीर्तिमान कायम गर्न पाउँदा अत्यन्तै खुसी र जिम्मेवारी महसुस भएको छ ।

**कोभिड १९ यता नेपाली गीतसंगीतलाई कस्तो असर पर्‍यो ?**

गीतसंगीत सामूहिक सिर्जनात्मक कार्य हो । देशविदेशका हरेक सानाठूला मञ्चमा हुने सम्पूर्ण प्रस्तुति ठप्प भए । कोभिडको सुरुवातपछि संसारमा सबैलाई भौतिक दूरी कायम गरेर जीवनयापन गर्नुपर्ने अवस्थामा नेपाली गीतसंगीत पनि यसको असरबाट टाढा रहन सकेन ।

**गीत उत्पादनमा प्रतिस्पर्धा नै देखिन्छ, आर्थिक सपोर्ट चाही कसरी जुटिरहेको छ ?**

सकारात्मक प्रतिस्पर्धा हुनुलाई मैले अत्यन्तै सुन्दर पक्षको रूपमा लिन्छु । गीतसंगीत बहुमूल्य विषय हो । यसको उत्पादनमा आर्थिक पक्ष सिधै जोडिएको हुन्छ । संगीत मेरो व्यावसायिक जीवनसंग जोडिएको छ । यसैमा रमाइरहेको छु ।

**एकथरिको गुनासो सुनिन्छ गीतसंगीतको क्षेत्र व्यावसायिक हुन सकेन तपाईको धारणा ?**

गीतसंगीत व्यावसायिक तरिकाले जुन गतिमा अगाडि बढ्नुपर्ने हो त्यसरी बढेको छैन । यसलाई अगाडि बढाउनको लागि हामी आफैं लागिपर्नुपर्छ । गुनासो गर्दैमा केही प्राप्त हुँदैन ।

**न्यून गुणस्तर भएर हो युवा पुस्ताले नेपाली गीतसंगीत प्रति चासो नदिएको ?**

युवा पुस्ताले संख्यात्मक हिसाबमा धेरै नै चासो दिएको देखिन्छ । जहाँ संख्यामा वृद्धि हुन्छ त्यहाँ गुणस्तर घट्दै जान्छ । यो केवल क्षणिक मजाको विषय होइन निरन्तर साधनापछि गुणस्तरीय स्वाद लिन सकिने विषय हो ।

**सांगीतिक क्षेत्रमा बिकृति देख्नु हुन्छ ?**

बिकृति स्रष्टाको चेतनाको स्तरमा भर पर्दछ । म को हुँ, के गर्दैछु, किन गर्दैछु, कसको लागि गर्दैछु, नेपाली सांगीतिक दुनियाँमा म कहाँ छु र विश्व संगीतको मानचित्रमा म कहाँ छु ? यत्ति महसुस हुनसक्नु पर्छ ।

**स्रष्टाको बौद्धिक सम्पत्ति माथि खेलबाड भैरहेको यदाकता सुनिन्छ वास्तबिकता के हो ?**

बौद्धिक सम्पत्ति माथि खुलेआम खेलबाड भइरहेको छ । गीतसंगीत बौद्धिक सम्पत्ति हो भन्ने थाहा हुँदाहुँदै पनि केवल सित्तैमा प्राप्त हुने अक्सिजन जस्तो हो जस्तो गरेको पाइन्छ । यो ज्यादै दुःखद् पाटो हो ।

**तपाईलाई मन परेको आफ्नै सिर्जना कुन हो ?**

मलाई आफ्ना सम्पूर्ण सिर्जना अत्यन्तै मन पर्छन् । म आफ्नो सिर्जनालाई श्रद्धा गर्छु । कुनै पनि गीतमा आफूलाई भेटाएपछि संगीत मिसाउँछु । जसरी शरीरका प्रत्येक अंगको आफ्नै महत्व छ त्यसैगरी मेरा हरेक सिर्जनाको आफ्नै महत्व छ ।

अन्त्यमा, नेपाली गीतसंगीतको बिकासको लागि राज्यले वा सरोकारवालाले कस्तो भुमिका खेल्नु पर्ला ?

राज्यले गीतसंगीतलाई हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्छ । यो राज्यको महत्वपूर्ण र विशेष विषय हो ऐच्छिक विषय होइन भन्ने महसुस गर्नुपर्छ । राज्यले प्रमुख पाटोको रूपमा अवलम्बन गर्नसक्नु पर्छ ।


**नौमूले गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नौमूले, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**अल्ट्रासाउण्ड मेशिन (Ultrasound Mechine) खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आब्हानको सूचना**

**(प्रथम पटक प्रकाशित सूचना :- २०७८/०९/११)**

यस कार्यालय अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र नौमूले दैलेखका लागि प्रोटेवल अल्ट्रासाउण्ड मेशिन (Ultrasound Mechine) आबश्यक भएको हुँदा शिलबन्दी दरभाउ पत्रका माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक रजिस्टर्ड कम्पनि, फर्म तथा सप्लायर्सहरुले निम्न शर्तहरुको अधिनमा रही अलग अलग शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रु. १०००/-(फिर्ता नहुने) एनएमबी बैंकमा रहेको यस कार्यालयको बैंक हिसाब न. १०४००७१७१२४०००७४ (आन्तरिक राजश्व खाता) मा जम्मा गरी भौचर संलग्न गरी आ.व. ०७८/७९ का लागि नबिकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा मु.अ.कर दर्ता प्रमाण पत्र, आ.ब. ०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्र सहित कागजातहरुका प्रतिलिपिहरु संलग्न राखी शिलबन्दी दरभाउदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम खरिदका लागि यस कार्यलयमा निबेदन पेश गर्नु पर्नेछ ।

२) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औ दिनको १२:०० बजे भित्र दरभाउपत्र फाराम शिलबन्दी गरी रीतपुर्बक यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

३) दर्ता शिलबन्दी दरभाउ फारामहरु सोहि दिनको १:०० बजे भित्र दरभाउदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउ खोल्न बाधा पर्ने छैन ।

४) शिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम तपसिलका दरले नौमूले गाउँ कार्यपालिकाको कार्यालयको नाममा (एनएमबि बैंकमा) रहेको धरौटी खाता नं. १०४००७१७१२४०००३१ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको क बर्गको मान्यता प्राप्त बाणिज्य बैंक ग्यारेन्टी पत्र शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र स्वीकृत अंकको ५% (पांच प्रतिशत) बराबरको धरौटी रकम बैंक खातामा दाखिला गरि भौचर वा कार्यालयको नाममा जारी भएको बैंक जमानत शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५) दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्रहरु स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार तथा सामान्य त्रुटी सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ । शर्त राखी पेश गरेको दरभाउपत्र मान्य हुने छैन ।

६) स्वीकृत शिलबन्दी दरभाउपत्र अनुसारको सामान एकमुस्ट वा आबश्यकता अनुसार खरिद गरिनेछ ।

७) रीत नपुगेको दरभाउ पत्रमाथि कुनै कार्बाही गरिने छैन ।

८) दरभाउ पत्र स्वीकृत भए पछी सम्झौता बमोजिम कार्यलयले तोकेको समय अबधि भित्र सामान सप्लाई गर्नु पर्नेछ र सामानको केही अंश वा सम्पूर्ण सामान नै बुझाउन नसकेमा सार्बजनिक खरिद नियम बमोजिम कार्बाही हुनेछ । सम्पूर्ण करहरु र कार्यालय सम्म ढुवानी गर्दा लाग्ने खर्च शिलबन्दी दरभाउ पत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।

९) शिलबन्दी दरभाउ पत्रका सम्बन्धमा अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

१०) सामानहरु गुणस्तर युक्त र नेपाल सरकारबाट बन्देज नलगाइएको हुनुपर्ने साथै टुटेफुटेका, लेबल स्पष्ट नभएकालाई मान्यता दिइने छैन ।

११) यस सुचनामा उल्लेख नभएका अन्य कुराहरु सार्बजनिक खरिद एन, २०६३ तथा नियमावली, २०६४ अनुसार हुनेछ ।

**तपसिल :-**

| ठेक्का न. | विवरण | लागत अनुमान (मू.अ.कर सहित) | जमानत धरौटी रकम रु. |
|---|---|---|---|
| ०२-०७८/७९ (स्वास्थ्य) | अल्ट्रासाउण्ड मेशिन (Ultrasound Mechine) खरिद तथा जडान कार्य | ८५००००/-(आठ लाख पचास हजार मात्र) | ४२५००/-(बयालीस हजार पांच सय मात्र) |

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
डिल्लीबजार शाखा, काठमाडौं महानगरपालिका, डिल्लीबजार
सम्पर्क फोन.: ९७७-०१-४४३५७९८/४४३४३६५

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

